# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३० | काठमाडौं | शुक्रबार, ०९ जेठ २०८२ | Prabhab National Daily | Friday, May 23, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# पतञ्जलीको जग्गा अनियमितता अनुसन्धानको जिम्मा अख्तियारलाई

- लेखा समितिले बिना छानबिन पतञ्जलीको जग्गा प्रकरणको अनुसन्धान गर्ने जिम्मा अख्तियारलाई दिने निर्णय गरेको छ
- अख्तियारले यही प्रकरणमा यसअघि अनुसन्धान गरिसकेको तर निर्णय लिन बाँकी
- पतञ्जलीलाई काभ्रेमा ८१५ रोपनी जग्गा किन्न छुट दिएकोमा त्यतिबेला करिब ६ सय रोपनी जग्गा किनेको थियो




■ जेबी योञ्जन

**काठमाडौं–** पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल मुछिएको भनिएको पतञ्जली योगपीठको जग्गा सट्टापट्टामा भएको अनियमितताको अनुसन्धान अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गर्नुपर्ने भएको छ । संसद्को सार्वजनिक लेखा समितिले छानबिन बिनै अख्तियारलाई अनुसन्धानको जिम्मा दिने निर्णय बिहीबार गरेको हो । यसअघि यो मुद्दामा अख्तियारले अनुसन्धान गरेको थियो । निर्णय लिन भने बाँकी छ ।

यस्तोबेला लेखा समितिले थप अनुसन्धान गर्नेगरी अख्तियारलाई नै जिम्मेवारी सुम्पिने निर्णय गरेको हो । समिति सदस्य तथा माओवादी सांसद अमनलाल मोदीले केही कागजात मगाएर अध्ययन गरिएको र अख्तियारलाई अनुसन्धानका लागि दिनुपर्ने स्थिति देखिएको बताए ।

'हामीले पतञ्जलीबारे लेखा समितिमा जे-जे उजुरी परेका थिए, त्यसका आधारमा विभिन्न निकायबाट कागजात मगायौँ र सोधपुछ गर्‍यौँ तर त्यससम्बन्धी प्रतिवेदनमा थप अनुसन्धान र आवश्यक कारबाहीका लागि अख्तियार पठाउने निर्णय भयो,' मोदीले प्रभावसँग भने ।

पतञ्जली योगपीठको जग्गा काभ्रेमा छ । त्यहाँको जग्गा अनियमिततामा पूर्वमन्त्री डम्बर श्रेष्ठ, पूर्वसचिव छविलाल पन्तलगायत पनि मुछिएका छन् । पतञ्जलीले जडीबुटी खेती र आयुर्वेद अस्पताल निर्माणका लागि हदबन्दी छुटमा जग्गा खरिद गरेको थियो । खरिद गरेकामध्ये केही जग्गा बिक्री गरेको फेला परेको छ । यसपछि अख्तियारले छानबिन थालेको थियो । निर्णय प्रक्रियामा संलग्न केही कर्मचारीसँग बयान लियो । बयान लिनेमध्येमा पूर्वप्रधानमन्त्री नेपालसँग पनि पर्छन् । तर, अख्तियारले थप निर्णय लिएको छैन ।

भूमिसम्बन्धी ऐन, २०२१ अनुसार कुनै उत्पादनमूलक उद्योग वा व्यवसाय गर्न सरकारले हदबन्दीमा छुट हुनेगरी जग्गा राख्ने सुविधा दिन्छ । त्यस्तो जग्गा बिक्री गर्न पाइँदैन । सोहीअनुसार भारतको पतञ्जली योगपीठले काभ्रेमा आयुर्वेद शिक्षालयदेखि अस्पताल र जडबुडी फार्म सञ्चालन गर्न २०६४ सालमा कम्पनी दर्ता गरेको थियो । हदबन्दी भित्रको जग्गाले नपुग्ने भएपछि सरकारलाई हदबन्दी छुटमा जग्गा राख्ने अनुमति दिन आग्रह गरेको थियो । त्यही आधारमा माधव नेपाल प्रधानमन्त्री भएको सरकारको मन्त्रिपरिषद् बैठकले १८ माघ, २०६६ मा पतञ्जलीलाई काभ्रेमा ८१५ रोपनी जग्गा किन्न छुट दिएको थियो । त्यतिबेला पतञ्जलीले करिब ६ सय रोपनी जग्गा किनेको थियो । जग्गा किनेको केही महिनामा नै उसले जग्गा बेच्ने निर्णय गर्‍यो । कानुनतः हदबन्दी छुटको जग्गा बेच्न नमिल्ने र त्यसबारे सर्वोच्च अदालतको नजीर पनि छ । तर, कानुन र नजीरलाई बेवास्ता गर्दै नेपालको मन्त्रिपरिषद्ले बिक्री गर्न अनुमति दिने निर्णय गरेको थियो ।

लामो समय यो विषय गुपचुप थियो । राज्य संयन्त्र चुपचाप थियो । तर, लेखा समितिमा उजुरी परेपछि मात्रै यो विषय सार्वजनिक भएको हो ।

सुरुमा अख्तियारले जग्गा बिक्रीबारे अध्ययन गरी प्रतिवेदन पेस गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिएको थियो ।

पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी प्रालिको जग्गा बिक्री गर्ने निर्णयमा संलग्नहरूलाई कारबाही हुनुपर्ने र जग्गा बिक्रीको अनुमति रद्द हुनुपर्ने माग राखी सर्वोच्च अदालतमा समेत रिट निवेदन दर्ता भएको छ ।

त्यतिबेला भूमि व्यवस्था तथा अभिलेख विभागले भक्तपुर मालपोत कार्यालयका प्रमुख मालपोत अधिकृत लोकबहादुर भण्डारीको नेतृत्वमा अध्ययन समिति बनाएको थियो । समितिले अध्ययन गरेर प्रतिवेदन बुझाइसकेको छ । हाल त्यो प्रतिवेदन अख्तियारमै छ ।

समितिले साँगा, नासिका, गणेशस्थान वरपरका करिब ८८ रोपनी जग्गा बेचिएको फेला पारेको थियो । आर्थिक वर्ष २०६५/६६ मा किनिएको कतिपय जग्गा अर्को आर्थिक वर्ष सुरु हुनसाथ बेचेको पनि भेटिएको छ । पतञ्जलीले केही जग्गा २०६४ सालदेखि किनेर राखेको थियो ।

# हिन्दु राष्ट्रको माग चर्काउँदै कांग्रेस, राजसंस्थाबारे 'मुखामुख'





- कांग्रेसका नेताहरु डा शशांक कोइराला, डा शेखर कोइराला, महामन्त्री गगन थापा हिन्दु राष्ट्रको पक्षमा बोल्न शुरु
- २०८० फागुन १० गते ललितपुरको गोदावरीमा भएको महासमितिमा हिन्दु राष्ट्र निर्माणका लागि भन्दै केन्द्रीय सदस्य शंकर भण्डारीले प्रस्ताव पेश गरेका थिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** शीर्ष दल नेपाली कांग्रेसले पछिल्लो दिन धार्मिक एजेन्डालाई जोडतोडका साथ उठाउन थालेको छ । भावी नेतृत्वको रूपमा हेरिएका डा शेखर कोइरालादेखि कांग्रेस महामन्त्री गगन थापाले हिन्दु राष्ट्रको एजेन्डा चर्काउन थालेका हुन् ।

१५ औं महाधिवेशनमा कांग्रेस नेतृत्व दाबीका लागि सबैभन्दा पहिले हिन्दु धर्मबारे जनमत संग्रह हुनुपर्ने आवाज पूर्व महामन्त्री डा शशांक कोइरालाले उठान गरेका थिए । शशांकले प्रकाशमान सिंह, विमलेन्द्र निधिलाई साथमा लिएर नेतृत्व दाबी गर्ने तयारी गरिरहेका छन् ।

महामन्त्री थापा पनि नेतृत्व दाबीका लागि देश दौडाहमा छन् र यस मुद्दामा वकालत गर्न थालेका हुन् । थापाले धर्मनिरपेक्ष राष्ट्र हुनै नसक्ने बताउँदै आउँदा कांग्रेस नेता डा शेखरले पनि हिन्दुवादी कार्ड अघि सारेका छन् । हिजोआज महामन्त्री गगन आइकनिक रूपमा फूलटीकाका साथ देखिन्छन् ।

२०८० फागुन १० गते ललितपुरको गोदावरीमा भएको महासमितिमा शंकर भण्डारीले हिन्दु राष्ट्र निर्माणका लागि भन्दै सभापति शेरबहादुर देउवालाई प्रस्ताव नै बुझाएका थिए । त्यसअघि पनि डा शशांकले यसबारे वकालत गर्दै आएका थिए । महाधिवेशनअघि डा शेखरले पनि हिन्दुवादी कार्ड प्रयोग गर्न थालेका हुन् केही दिनअघि कांग्रेसका एक असन्तुष्ट नेता लोकेश ढकालले सार्वजनिक रूपमै कांग्रेसले हिन्दु राष्ट्रको एजेन्डा लिने बताएका थिए ।

त्यतिमात्र हैन ढकालले राजा ल्याउन कांग्रेस तयार भइसकेको दाबी गरे । 'मेरो पार्टी सभापति अहिले यङ किङमा आइसक्नुभएको छ ।

क्रमशः पृष्ठ २ मा


VACANCY ANNOUNCEMENT

One of the reputed recruitment agencies is seeking qualified and experienced candidates for the following positions:

1. Public Relation Officer (PRO) - 5 Positions (Male)
2. Documentation Officer - 2 Positions (Male/Female)
3. Office Secretary - 2 Positions (Male/Female)
4. Co- ordinator - 2 Positions (Male/Female)

REQUIREMENTS:
Minimum 2 years of experience in the related field. Preference will be given to candidates with prior experience in the manpower recruitment sector.

APPLICATION PROCESS:
Interested and eligible candidates are requested to submit the following documents:
Covering Letter, Updated CV, Recent Passport-size Photograph

MIP
Manispower Overseas Employment & Promoter Pvt. Ltd.
contact@mipjobs.com Tel: 01-4547203/04, Kathmandu, Nepal


सन्दर्भः वैदेशिक रोजगार

# कोरिया जाने कामदारका लागि गरिएको पोसाक र टिकट खरिदमा महालेखाले उठायो प्रश्न

- ज्याकेट र टोपी खरिद गर्दा बढी लागत अनुमान तयार गरी ३६ लाख १६ हजार रूपैयाँ व्ययभार बढाएको महालेखाको टिप्पणी
- बोलपत्रमार्फत टिकट खरिदका लागि समयमा ठेक्का व्यवस्थापन नगर्दा कामदारले धेरै रकम भुक्तानी गर्नुपरेको उल्लेख
- सार्वजनिक खरिद नियमवाली छलेर पोसाक र टिकट खरिद गरेकोप्रति महालेखाको प्रश्न
- समयमा ठेक्का व्यवस्थापन नगरी श्रमिकलाई बढी व्ययभार हुनेगरी निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउन निर्देशन




■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण कोरियामा इपिएस प्रणालीमार्फत कामदार पठाउने कामदारका लागि पोसाक र टिकट खरिद गर्दा गरिएको खर्चमा महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाएको छ । वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले गत आर्थिक वर्षमा कामदारका लागि पोसाक बढी लागत अनुमान तयार गरी व्ययभार थप्ने काम गरेको महालेखाको ६२औं प्रतिवेदनमा उल्लेख छ । यसैगरी बोलपत्रमार्फत टिकट खरिदका लागि समयमा ठेक्का व्यवस्थापन नगरेको कारण कामदारले धेरै रकम भुक्तानी गर्नुपरेको महालेखाले औंल्याएको छ ।

सरकारले दुई देशबीच भएको सम्झौताअनुसार रोजगार अनुमति प्रणालीमा नेपाली कामदार कोरिया पठाउँदै आएको छ । उक्त कार्यलाई व्यवस्थित गर्न रोजगार अनुमति प्रणाली (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७३ को व्यवस्थाबमोजिम इपिएस शाखा स्थापना गरेको हो । उक्त शाखाले सार्वजनिक खरिद नियमवाली छलेर पोसाक र टिकट खरिद गरेकोप्रति महालेखाले प्रश्न उठाएको छ । उक्त नियमावलीको नियम ११(२) मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकायले चालु आर्थिक वर्षमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्तविक लागतलाई समेत आधार लिनुपर्ने व्यवस्था रहेको महालेखाले सम्झाएको छ । शाखाबाट सोको उल्लंघन गरेको पाइएको हो ।

शाखाले कोरिया जाने कामदारका लागि बढी लागत अनुमान तयार गरी ज्याकेट र टोपी खरिद गर्दा ३६ लाख १६ हजार रूपैयाँ व्ययभार थपिएको महालेखाको प्रतिवेदनमा औंल्याइएको छ । महालेखाका अनुसार इपिएस कोरिया शाखाले कोरिया जाने कामदारका लागि समरूप ज्याकेट र टोपी खरिदमा एक आपूर्तिकर्ताबाट प्रतिथान एक हजार ६१५.९० रूपैयाँले ६१४ थानको नौ लाख ९२ हजार रूपैयाँमा सोझै खरिद गरेको देखिन्छ । जबकि, बोलपत्रको माध्यमबाट प्रतिथान एक हजार ७९६.७० रूपैयाँले २० हजार थान तीन करोड ५९ लाख ३४ हजार रूपैयाँमा खरिद भएको उल्लेख छ । जुन लागत अनुमानभन्दा ०.३१ प्रतिशत न्यून रहेको महालेखाको भनाइ छ ।

'बोलपत्रमार्फत खरिद भएको पोसाक सोझै खरिद गरेको दरभन्दा प्रतिथान १८०.८० रूपैयाँले बढी छ । कार्यालयले लागत अनुमान तयार गर्दा यस वर्ष सोझै खरिद गर्दाको दरलाई आधार लिनुपर्नेमा नलिई प्रतिथान एक हजार ८०२.३५ रूपैयाँ दरले लागत अनुमान तयार गरेको र १८०.८० रूपैयाँको दरले ३६ लाख १६ हजार रूपैयाँ बढी व्ययभार पर्न गएको छ,' प्रतिवेदनमा भनिएको छ । महालेखाले यस्तो खरिदमा मितव्ययी हुनेगरी लागत अनुमान तयार गर्न निर्देशन दिएको छ ।

क्रमशः पृष्ठ २ मा



# बाढीका कारण पत्ता लगाउन विज्ञ टोली हुम्लामा

**हुम्ला–** यहाँको नाम्खा गाउँपालिका-६ लिमीको तिलगाउँमा आएको बाढीपहिराका कारण पत्ता लगाउन सरकारी विज्ञ टोली बिहीबार आइपुगेका छन्। बाढीपहिरोको एक हप्तापछि उनीहरू सदरमुकाम सिमकोटबाट तिलगाउँ प्रस्थान गरेका हुन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सिनियर डिभिजनल इञ्जिनियर सुशीलकुमार श्रेष्ठ नेतृत्वको तीन सदस्यीय टोली घटनास्थलतर्फ प्रस्थान गरेका हुन्।

टोलीमा जल तथा मौसम विज्ञान विभागका 'हाइड्रोलोजिस्ट' इञ्जिनियर सौहार्द जोशी र खानी तथा भू-गर्भ विभागका सिनियर डिभिजनल 'जिओलोजिस्ट' शिवकुमार बास्कोटा छन्। खराब मौसमका कारण विज्ञहरूको टोली आउन केही दिन ढिला भएको प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयले बताए।

यही जेठ १ गते राति बाढी आउँदा हुम्लाको नाम्खा गाउँपालिका-६ को तिलगाउँमा क्षति पुगेको थियो। बाढीपहिरो प्रभावित अहिले पनि त्रिपाल टाँगेर बसेका छन्। करिब पाँच हजार ३०० मिटरमाथिका दुई वटा हिमपोखरीबाट बगेको पानीले बाढीको रूप धारण गरेको प्रारम्भिक अनुमान छ। स्थानीय आफैँ पोखरीसम्म पुगेर बाढी आउनुका कारण पत्ता लगाएका थिए। तर पोखरीको पानी कसरी बाहिर निस्कियो भन्ने वैज्ञानिक रूपमा पुष्टि हुन बाँकी छ। काठमाडौंबाट आएको विज्ञको टोलीले वैज्ञानिक कारण पत्ता लगाउने अपेक्षा गरिएको छ।

हिमपहिराबाट विस्थापितलाई कर्णाली प्रदेश सरकारले एक सातापछि राहत सामग्री पठाएको छ। प्रदेश सरकारले बिहीबार राहत सामग्री पठाएको हो। दुई वटा ताल फुटेर हिमपहिरो जाँदा तिलगाउँका २१ परिवारका ३३ जना विस्थापित भएका हुन्। हिमपहिराका कारण मानवीय क्षति नभए पनि ठूलो भौतिक क्षति भएको छ।

प्रदेश सरकारले पाँच सेट टेन्ट (अस्थायी घर) २० क्विन्टल खाद्यान्न, १८ सेट सोलार र म्याट्रेससेटलगायत राहत सामग्री पठाएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका प्रवक्ता उत्तम गौतमले जानकारी दिए। *रासस*

## पृष्ठ १ बाट क्रमशः

### हिन्दु राष्ट्रको ...

विस्तारै कांग्रेसले राजसंस्था र हिन्दुराष्ट्रको पक्षमा आउँछ।' हृदयेन्द्र शाहलाई राजा बनाए राजसंस्था स्वीकार्ने अभिव्यक्ति देउवाले दिएको सूचना आफूले पाएको ढकालले दाबी गर्दै आएका छन्। नेपाली कांग्रेसलाई हिन्दु राष्ट्र र राजसंस्थाका लागि भारतले दबाव दिइरहेको बताइन्छ।

#### देउवाको बचाउमा उत्रियो कांग्रेस

कांग्रेस सभापति देउवा आफैले यसबारे केही बोलेका छैनन्। यद्यपि उनले विज्ञप्ति जारी गर्न लगाउँदै यो विषय भ्रामक भएको दाबी गरेको छ। बिहीबार एक विज्ञप्ति जारी गर्दै कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले यस्ता खालका समाचार कपोलकल्पित भएको जनाएको छ। 'नेपाली कांग्रेसका सभापति, संसदीय दलका नेता एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको धारणा भनी राजसंस्थाबारे प्रकाशित भएको भ्रामक र कपोलकल्पित समाचारप्रति नेपाली कांग्रेसको गम्भीर ध्यानाकृष्ट भएको छ,' पौडेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

देउवाले लोकतान्त्रिक व्यवस्थाका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको तर्क गर्दै कांग्रेसले यस खालको सूचना छरिनु आपत्तिजनक काम भएको जनाएको छ। 'कसैले क्षणिक स्वार्थ पूर्ति गर्न राजसंस्थाबारे उहाँको धारणा भनि संचार माध्यममा गलत सूचना संप्रेषण गर्नु अनैतिक र घोर आपत्तिजनक कार्य हो,' विज्ञप्तिमा भनिएको छ, 'उहाँले कहि कतैं नबोलेको, नभनेको र नसोचेको कुरालाई मनगढन्ते ढंगले आम संचारको माध्यमलाई दुरूपयोग गर्दै प्रचारमा ल्याउनु पत्रकारिताको मर्म र भावना विपरीत हो।'

कांग्रेस प्रचार विभागका प्रमुख मीनबहादुर विश्वकर्माले पनि राजसंस्थाबारे देउवाले बोल्दै नबोलेको विषय प्रचारमा आएको दाबी गरेका छन्। 'उहाँले कहीकतै नबोलेको, नभनेको र नसोचेको कुरा मनगडन्ते ढंगले प्रचारमा ल्याउनु पत्रकारिताको क्षेत्र र धर्म होइन, कसैले क्षणिक स्वार्थ पूर्ति गर्न राज संस्थाबारे उहाँको धारणा भनी मिडियामा गलत सूचना संप्रेषण गर्नु अनैतिक कार्य हो,' विश्वकर्माले भनेका छन्।

चैत १० गते कांग्रेसको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रममा देउवाले ज्ञानेन्द्र शाह राजा हुन लायक पात्र नभएको ठोकुवा गरेका थिए। 'संवैधानिक राजा हुन लायक पनि छैनन्। संवैधानिक राजा हुन पनि सक्दैनन्। राप्रपा पनि पछि पछुताउँछ। राप्रपाले बरु पार्टी सभापति बनाए हुन्छ। पार्टीमा लाग्यो भने राप्रपाले पनि दुःख पाउँछ,' देउवाले भनेका थिए।

■■■

### कोरिया जाने ...

यसैगरी रोजगार अनुमति प्रणाली निर्देशिकाको दफा २३ बमोजिम शाखाले कोरियामा जाने कामदारका लागि हवाई टिकट खरिद गर्न प्रचलित कानुनबमोजिम बोलपत्र आह्वान गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्थाबमोजिम शाखाले टिकट खरिद गर्न बोलपत्रको माध्यमबाट सेवाप्रदायक छनोट गरी टिकटदर निर्धारण गर्ने र टिकटको रकम कामदारले सेवाप्रदायकलाई भुक्तानी गर्ने व्यवस्था छ। गत वर्ष शाखाले समयमा बोलपत्रको काम नगर्दा उक्त अवधिमा खरिद गरिएका १० हजार ८५५ टिकटका लागि ७० करोड ३९ लाख रूपैयाँभन्दा बढी थप रकम भुक्तानी गर्नुपरेको प्रतिवेदनमा उल्लेख छ।

'कार्यालयले प्रतिश्रमिक एकतर्फी टिकट दर एक लाख १९ हजार ८४० रूपैयाँ कायम गरी एक प्राइभेट लिमिटेडसँग एक वर्षका लागि २०७९ माघ ३ मा खरिद सम्झौता गरेकोमा मन्त्रीस्तरको निर्णयबाट सम्झौता अवधि २०८१ माघ २ गतेसम्म थप भएको छ। कार्यालयले २०८१/८२ मा बोलपत्रमार्फत सोही कम्पनीसँग प्रतिश्रमिक ५४ हजार ९९१.४५ रूपैयाँको दरले सम्झौता गरेको देखिन्छ,' महालेखाको प्रतिवेदनमा भनिएको छ, 'यो वर्ष बोलपत्र नगरी पुरानो दररेटमा सम्झौता नवीकरण गरेको कारण प्रत्येक कामदारले ६४ हजार ८४९.०५ रूपैयाँका दरले १० हजार ८५५ टिकटका लागि ७० करोड ३९ लाख ३६ हजार रूपैयाँ बढी भुक्तानी गर्नुपरेको देखिन्छ।'

समयमा ठेक्का व्यवस्थापन नगरी श्रमिकलाई बढी व्ययभार हुनेगरी निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउन महालेखाले शाखालाई निर्देशन दिएको छ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/०९**

यस कम्पनीको मिति २०८१/११/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **चम्पक बिद्यापिठ** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **स्वप्न वर्ल्ड स्कुल भक्तपुर** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१२/३१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **स्वप्न वर्ल्ड स्कुल भक्तपुर** (प्रा.लि.नं.२१७९६) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/०९**

यस कम्पनीको मिति २०८०/०२/३१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **इन्फोसिस् म्यानेजमेन्ट सर्भिस प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लिड म्यानेजमेन्ट सर्भिसेस प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०२/३२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिड म्यानेजमेन्ट सर्भिसेस प्रा.लि.**(प्रा.लि.नं.२५९५४७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ।

**अधिकृत वारेसनामा बदरको सूचना**

कृष्ण बहादुर कुवरको छोरी वृद्धि बहादुर सिलवालको बुहारी कविन सिलवालको पत्नी सिन्धुपाल्चोक जिल्ला सेलाङ गा.वि.स.वडा नं.७ को परिवर्तित जुगल गा.पा.वडा नं.१ घर भई हाल काठमाण्डौ जिल्ला तारकेश्वर न.पा.वडा नं.१ बस्ने वर्ष ४० की सपना सिलवाल (ना.प्र.नं.१४८७१७ मिति २०६२।०९।०६ जि.प्र.का. सिन्धुपाल्चोक) को नाममा मा.पो.का.टोखा काठमाण्डौमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला साङला गा.वि.स.वडा नं.९(क) कि.नं.७९२ को क्षेत्रफल ०-३-०-० (९५.३७व.मि.) घरजग्गा प्रभु बैंक लि.सिनामंगलबाट दृ.व.रोक्का रहेकोमा उक्त रोक्का फुकुवा गरी फुकुवा भएपछि सम्बन्धित मालपोत कार्यालयमा उपस्थित भई जो कोहीलाई राजिनामा गरी हक हस्तान्तरण हुने गरी रजिष्ट्रेशन पारित गरी दिन खिक बहादुर कार्कीको छोरी वृद्धि बहादुर सिल्वालको पत्नी सिन्धुपाल्चोक जिल्ला जुगल गा.पा.वडा नं.१ बस्ने वर्ष ६८ की हरि कुमारी सिल्वाल (ना.प्र.नं.२३४/४३४४ मिति २०४४।१२।७ जि.प्र.का. सिन्धुपाल्चोक) लाई मिति २०८० साल माघ ८ गते रोज २ मा श्री काठमाण्डौ जिल्ला अदालतबाट अधिकृत वारेसनामा गरिदिएकोमा आजैका मितिबाट उक्त वारेसनामा बदर गरिएको हुँदा सो को प्रयोजनार्थ मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(१)(ग) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

– सपना सिलवाल

**प्रदेश सरकार**

**खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय**

**कोशी प्रदेश, विराटनगर**

**बोलपत्र स्वीकृति सम्बन्धि आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०२/०९**

यस मन्त्रालयबाट मिति २०८१/११/१३ गते राष्ट्रिय दैनिक "**सौर्य दैनिक**" मा प्रकाशित सूचना अनुसार E-Bid मार्फत रितपूर्वक पेश भएका बोलपत्रहरु मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ (८) अनुसार तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | छनौट भएको बोलपत्रदाता | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1. | MoWSIE-KP/DoIE/Goods/081-82/NCB-16 | Procurement of Lab Equipments, Koshi Province, Biratnagar | Inter Trade Nepal, Biratnagar- 7 | ६३,९०,०००।०० |

**महाशाखा प्रमुख**

**लिखु गाँउपालिका**

**गाँउ कार्यपालिकाको कार्यालय**

**नुवाकोट।**

**शिलवन्दी दरभाउपत्र सम्बन्धी सूचना**

*(प्रकाशित मिति : २०८२/०२/०९)*

यस कार्यालयको चालु आर्थिक वर्ष २०८१/८२ को लागि आवश्यक पर्ने कृषि औजार तथा सामग्री शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएकोले ईजाजतप्राप्त फर्म, संस्था, सप्लायर्सहरु वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रहि रीत पुर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१) दरभाउपत्र फारम कृषि बिकास बैंक लि. छहरे शाखामा रहेको आन्तरीक राजस्व खाता नं. ०२२४८०१९४५१०८०१९ मा वोलपत्र दस्तुर वापतको रु. १०००।०० एक हजार (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचरको Scan कपी सहित अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्र, फर्म/संस्था/कम्पनीदर्ताको प्रमाणपत्र, मुल्यअभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व. २०८०/०८१ सम्मको कर चुक्ता गरेको प्रमाणहरु संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal **www.bolpatra.gov.np** मार्फत पेश गर्न सकिनेछ।

२) दरभाउपत्र फाराम साथ जमानत वापत तपशिलमा उल्लेखित धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक लि. छहरे शाखा नुवाकोटमा रहेको धरौटी खाता नं. ०२२४८०१९४५१०८११६ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट यस गाँउपालिकाको नाममा जारी भएको सक्कल बैंक ग्यारेन्टी (Bid Bond) शिलवन्दी दरभाउपत्र खोलेका मितिबाट गणना हुने गरि कम्तिमा ७५ दिन म्याद भएको हुनुपर्नेछ।

३) प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

४) यस सम्बन्धी अन्यकुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली,२०६४ र अन्य प्रचलित कानुनबमोजिम हुनेछ।

| कन्ट्र्याक्ट नं. | खरिद सम्बन्धी बिवरण | दरभाउपत्र जमानत रकम | सिलबन्दी खाम पेश गर्ने अन्तिम मिति | खोलिने मिति र समय | फारम दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| 01/Agro/LRM/2081/82 | Supply and Delivery of agricultural Machineries and implements to Likhu Rural Municipality, Nuwakot | ४३,०००।०० | २०८२/०२/२५ मध्यान्ह १२.०० बजे | २०८२/०२/२५ दिनको १ बजे | १००० ।०० |

प्रमुख प्रशासकीय अधिकृत

**हकदाबी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०५/१२ मा दर्ता भएको प्रा.लि. नं. १२६०४५ पूजा हर्बल प्रोडक्ट को शेयर धनीको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो।

**हकदाबी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५९/०९/०८ मा दर्ता भएको प्रा.लि. नं. २२०५८ पुजा फुड्स को शेयर धनीको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो।

**दफा १३६(क) बमोजिम कम्पनी खारेजी सम्बन्धमा।**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०८/०९ मा दर्ता भएको प्रा.लि. नं. २७७९३६ को सारा मार्ट कोरियन फुड एण्ड शपको शेयरधनीले कम्पनीमा लगानी गर्न नसकेर कम्पनी स्थापना भए देखि हाल सम्ममा कुनै पनि कारोबार सुचारु गर्न नसकेको र कम्पनीमा पनि दफा ८० बमोजिमका विवरणहरु पेश नगरेको वा दफा ८१ बमोजिम जरिवाना पनि नतिरेको हुनाले यस कम्पनीलाई दफा १३६(क) बमोजिम कम्पनी खारेजी गर्ने भनि सबैका लागि सूचना जारी गरिएको हो।

**युएइमा रोजगार** — कम्पनी : VVP STARS CARPENTERY & FLOORING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 324268 | चलानी नं. ६०२३८२९७

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 1 | 0 | 1200 | ४४,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 3 | construction carpenter | 1 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 4 | Electricians | 1 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 5 | Labourer / Helpers | 1 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 6 | Scafolder | 1 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 7 | Stone Mason | 1 | 0 | 1200 | ४४,७२५ | | | | | | | |

कम्पनी : RITHIKA ELECTROMECHANICAL WORKS LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 324267 | चलानी नं. ६०२३८२९८

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Masons | 3 | 0 | 1200 | ४४,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 3 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 3 | Concrete Mason | 3 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 4 | Plasterer | 2 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 5 | Plumber | 2 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 6 | Steel Fixer | 2 | 0 | 1200 | ४४,७२५ | | | | | | | |

कम्पनी : SIX FORCE ELECTROMECHANICAL WORKS LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 324269 | चलानी नं. ६०२३८२९६

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Carpenter | 1 | 0 | 1200 | ४४,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | DENTER / PAINTER | 1 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 3 | Plumber | 2 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 4 | Tile Layer | 1 | 0 | 1200 | ४४,७२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २६ गते (11th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३

Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492

E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**युएइमा रोजगार** — कम्पनी : SERVEU

पूर्व स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 324313 | चलानी नं. ६०२३८२७५

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Basic Machine Operator | 41 | 0 | 1500 | ५६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter/Joiners | 45 | 0 | 1300 | ४८,४५५ | | | | | | | |
| 3 | Helper | 20 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 4 | Machine Operator(Tailor) | 4 | 0 | 1500 | ५६,००० | | | | | | | |
| 5 | Painter | 20 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 6 | polisher/painter | 5 | 0 | 1300 | ४८,४५५ | | | | | | | |
| 7 | SANDERS | 5 | 0 | 1200 | ४४,७२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १६ गते (30th May 2025) मा हुनेछ।

नोटः साथै यसै कम्पनिको लागि दक्ष अनुभवि CNC Mechanic Operator हरू पनि आवश्यक छन्।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Himalayan Human Resource Recruitment Pvt Ltd — श्रम ईजाजत नं. १७४४/०८१/०८२

Kathmandu Metropolitian City- 10, Kathmandu, Bagmati Province, Nepal,

Contact: +977 980-1035653, E-mail : Info@himalayanhr.com

**ओमनमा रोजगार** — कम्पनी : INTERNATIONAL MARKETING AND SERVICES COMPANY SPC

पूर्व स्वीकृति मिति : २०८२/०२/०७ | LT. No. 324309 | चलानी नं. ६०२३८२६३

| सि. नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Painters | 2 | 0 | 120 | ४२,६७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Decoration worker/ helper | 3 | 0 | 120 | ४२,६७४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १६ गते (30th May 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

NEPAL WORLD OVERSEAS PVT.LTD — LIC No. 1682/080/081

Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677,

E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

**साउदीमा रोजगार** — कम्पनी : BEST LAUNDRIES FOR WASHING CLOTHES

पूर्व स्वीकृति मिति : २०८२/०२/०६ | LT. No. 324225 | चलानी नं. ६०२३८२०७

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 1000 | ३६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Laundry Helper | 1 | 0 | 1500 | ५४,७५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १६ गते (30th May 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD. — श्रम ईजाजत नं. १०१५/०६८/६९

Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945

Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com

**युएइमा रोजगार** — कम्पनी : ADAA EMPLOYMENT LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/०७ | LT. No. 324070 | चलानी नं. ६०२३८२१९

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 20 | 0 | 1400 | ५२,१८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Mason | 20 | 0 | 1400 | ५२,१८१ | | | | | | | |
| 3 | Helper | 40 | 0 | 1100 | ४१,००० | | | | | | | |
| 4 | Steal Fixer | 20 | 0 | 1400 | ५२,१८१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १६ गते (30th May 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

RARA EMPLOYMENT CONSULT (P.) LTD. — Govt. License 021/048/49

Pulchowk-3, Lalitpur, Nepal, Tel: 01 - 5454391

Email: raraemployment21@gmail.com, info@raraemployment.com, Web: www.raraemployment.com

**कुवेतमा रोजगार** — कम्पनी : Ratawy General Trading Contracting Co. W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०४/३२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 309105 | चलानी नं. ६०२२३६८०

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forklift Operator / Machine Operators | 4 | 0 | 170 | ७५,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Duty Driver (trailor) | 14 | 0 | 170 | ७५,८६५ | | | | | | | |
| 3 | Rigger Grade 1 | 5 | 0 | 110 | ४९,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः शाखा कार्यालय, बिर्तामोड, झापामा मितिः २०८२ जेठ १६ गते (30th May 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Index Recruitment Pvt. Ltd. — श्रम ईजाजत नं. 1543/078/079

Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669

E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

**कुवेतमा रोजगार** — कम्पनी : YES STATION BEAUTY SALOON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 312832 | चलानी नं. ६०२२७५९२

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician Manicurist/pedicurist | 0 | 5 | 150 | ६६,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JAZZ BEAUTY SALON COMPANY FOR LADIES BEAUTY

पूर्व स्वीकृति मिति : २०८०/१०/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 299518 | चलानी नं. ६०२१४४५१

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 4 | 150 | ६६,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technician | 0 | 4 | 150 | ६६,९४० | | | | | | | |

कम्पनी : ENTELOPE FOR LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 324295 | चलानी नं. ६०२३८२७२

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser/hair Stylist | 0 | 2 | 150 | ६६,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist/pedicurist | 0 | 2 | 150 | ६६,९४० | | | | | | | |
| 3 | Nail Artist | 0 | 2 | 150 | ६६,९४० | | | | | | | |

कम्पनी : AVE RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 311605 | चलानी नं. ६०२२६०८९

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 4 | 0 | 130 | ५८,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Runners | 3 | 0 | 100 | ४४,६२५ | | | | | | | |
| 3 | Waiters | 2 | 0 | 130 | ५८,०१५ | | | | | | | |
| 4 | Waitress | 0 | 2 | 130 | ५८,०१५ | | | | | | | |

कम्पनी : B & S CO. FOR RESTAURANT & FOOD EQUIPMENT MANAGEMENT.

पूर्व स्वीकृति मिति : २०८०/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 299927 | चलानी नं. ६०२१४८२८

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker Assistant | 3 | 0 | 130 | ५८,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commi / Waiter | 5 | 0 | 130 | ५८,०१५ | | | | | | | |
| 3 | Pastry Cook | 4 | 0 | 150 | ६६,९४० | | | | | | | |
| 4 | Runner | 6 | 0 | 120 | ५३,५३५ | | | | | | | |
| 5 | Steward | 6 | 0 | 100 | ४४,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १६ गते (30th May 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Omega International Pvt. Ltd. — Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

# सारसको संख्या बर्सैनि घट्दो

**कञ्चनपुर–** सारस चराको संख्या कञ्चनपुर-कैलालीमा बर्सैनि घट्दो क्रममा रहेको छ। सिमसार क्षेत्रमा देखापर्ने सारस हाल देख्नै मुस्किल हुन थालेको छ।

सिमसार क्षेत्र मासेर खेती गरिन थालेपछि सारसको बासस्थान खुम्चिँदै जान थालेको छ। त्यसले यस चरालाई आहाराको अभाव भएको छ। नेपाल पन्छी संरक्षण संघका चराविज्ञ हिरूलाल डगौराका अनुसार खेतीका लागि किसानले रासायनिक मलसँगै कीटनाशकको अत्यधिक प्रयोग गर्न थालेपछि यस चराको अस्तित्व नै संकटमा परेको छ। सारसको सिकार गर्ने, अण्डा चोरी गर्ने कार्यसँगै जलवायु परिवर्तन, वातावरण प्रदूषणलगायतले थप जोखिम सिर्जना गरेको छ।

चराविज्ञ डगौराले कैलालीमा पाँच र कञ्चनपुरमा २२ वटासम्म सारस अभिलेख गरिएका छन्। त्यो संख्या पछिल्ला वर्षहरूमा घट्दै गएको छ। कञ्चनपुरमा यस चराको संख्या करिब १० देखि १५ रहेको अनुमान गरिएको उनले बताए।

अग्लो खुट्टा र लामो घाँटी हुने सारसको शरीर सेतो, घाँटी खैरो र टाउको रातो हुने गर्दछ। सारसको उचाइ पाँचदेखि छ फिटसम्म हुने गर्दछ। जीवनभर एउटै जोडीमा रहने सारसको तौल छदेखि १२ किलोसम्म हुने गरेको छ। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको कालिकिच ताल, बेलडाँडी गाउँपालिकाको सिमसार क्षेत्रमा सारस देखापर्ने गरेका छन्। यहाँ कहिलेकाहीँ बर्सात्का बेला अन्य क्षेत्रका धान खेत तथा कैलालीको घोडाघोडी रामसार क्षेत्रमा मा आहारा खोज्दै गरेको अवस्थामा सारस देखापर्ने गरेका छन्।

'कीरो, फटचांग्रासँगै सारसले आहाराका रूपमा शंखेकीरा, सर्पलगायत खाने गर्दछ,' चराविज्ञ डगौराले भने, 'बालीनालीका हानिकारक मानिएका कीराहरू सारसले खाने भएकाले कृषक सहयोगी चराका रूपमा यसलाई लिन सकिन्छ। कीरा-फटचांग्रा नियन्त्रण हुँदा किसानले अन्नको उत्पादन बढी लिन सक्छन् तर पछिल्लो समय यो चरा आफैं संकटमा परेको देखियो।'

हिंस्रक जनावर बाघ, चितुवा, स्याल, ब्वाँसोलगायत नजिक आउन थाले यस चराले ठूलो आवाजले कराएर जानकारी दिने गर्दछ। त्यसैले सारसलाई मानवमैत्री चराका रूपमासमेत लिने गरिन्छ। आहारा र गुँड बनाउनका लागि यो चरा धानखेत र सिमसारमा निर्भर हुने गरेको चराविज्ञ डगौरा बताउँछन्। 'तर पछिल्लो समय यहाँ मुस्किलले यो चरा देख्न पाइन्छ। यसर्थ सिमसार क्षेत्र जोगाउनका लागि पालिका र स्थानीय समुदायले विशेष ध्यान दिन आवश्यक छ। यस चराको महत्वसँगै आनीबानी, व्यवहार र बासस्थानबारे जनचेना जगाई स्थानीय बासिन्दालाई संरक्षणको क्षेत्रमा सहभागी गराउनुपर्छ,' उनले भने।

कृषिमा रासायनिक मल र विषादीको प्रयोगलाई निरुत्साहित गर्दै जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिन किसानलाई उत्प्रेरित गराउन आवश्यक रहेको जानकारहरू बताउँछन्। 'दुई दशक अघिसम्म सारस चरा सहजै रूपमा धानका खेतमा आहारा खोज्दै गरेको अवस्थामा देखिने गरेका थिए, हिउँदमा मटरका दाना खान खेतमा आउँथे,' शुक्लाफाँटा नगरपालिका-३ का थारु अगुवा दानसिंह दहित भन्छन्, 'रासायनिक मल र विषादीको प्रयोगमा व्यापकता आएपछि सारस देखिन छाडेका छन्, फाटफुट रूपमा पनि अरू चराजस्तो देखिएका छैनन्।'

सारसलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार संरक्षित पन्छीका रूपमा राखिएको छ भने अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघले यसलाई संवेदनशील चराको सूचीमा राखेको छ। तथ्यांकअनुसार रूपन्देही, कपिलवस्तु र नवलपर ासीमा मात्रै सारसको संख्या ६०० भन्दा बढी रहेको छ। दक्षिण एसियामा भने यस चराको संख्या १० हजार जति रहेको अनुमान गरिएको छ। *रासस*

# सिरहाको नवराजपुरमा मैथिली भाषाको पाठ्यपुस्तक

**सिरहा-** सिरहाको नवराजपुर गाउँपालिकाले मैथिली भाषाको स्थानीय पाठ्यपुस्तक निर्माण गरी कक्षा १ देखि कक्षा ३ सम्म पठनपाठन गराउन थालेको छ। गाउँपालिकाले चालु शैक्षिक सत्रदेखि 'हमर नवराजपुर' (हाम्रो नवराजपुर) नामक पाठ्यपुस्तक तयार गरी २० वटै सामुदायिक विद्यालयमा पठनपाठन गराउन सुरु गरेको हो।

गाउँपालिकाका अध्यक्ष शिव उदगार यादवका अनुसार एक सय पूर्णाङ्कसम्मको स्थानीय भाषामा पाठ्यपुस्तक तयार गरेर पढाउन पाइने प्रावधानअनुसार पाठ्यपुस्तक तयार गरी लागू गरिएको हो। आगामी वर्षको शैक्षिक सत्रदेखि कक्षा ६ सम्म स्थानीय भाषाको पाठ्यक्रम तयार गरी कार्यान्वयन गरिने यादवले बताए।

'अहिले कक्षा १ देखि ३ सम्म स्थानीय पाठ्यपुस्तक लागू गरेका छौँ। संविधानअनुसार मौलिक भाषा, कला र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नुपर्ने दायित्व स्थानीय तहको भएकाले सोहीअनरूप काम गरिएको हो। आगामी शैक्षिकसत्र २०८३ मा कक्षा ६ मा पनि मातृभाषामा पठनपाठन गराउने योजना अनुरूप पाठ्यपुस्तक छपाइको तयारी गरिएको छ,' अध्यक्ष यादवले भने। पाठ्यपुस्तकमा नवराजपुर गाउँपालिकाको भूगोल, संस्कृति, परम्परा, जनजीवन, प्रकृतिक सम्पदा, पर्यटन, कृषि, पशुपालन, स्थानीय घरेलु प्रविधिलगायत विषयवस्तु समावेश गरिएका अध्यक्ष यादवले जानकारी दिए। *रासस*

# दाङका वन क्षेत्रमा सात बाघ फेला

**देउखुरी–** दाङका विभिन्न वन क्षेत्रमा सात वयस्क बाघ फेला परेका छन्। डिभिजन वन कार्यालय घोराहीको संयोजकत्वमा डिभिजन वन कार्यालय देउखुरी, लमहीको समन्वय र सहकार्यमा मध्य तराई भू-परिधि क्षेत्रमा पर्ने जिल्लाका वन क्षेत्रमा बाघ अनुगमनका लागि क्यामरा राखिएका थिए।

एक भाले, दुई पोथी र चार लिङ्ग पहिचान नभएका वयस्क बाघ भेटिएको डिभिजन वन कार्यालय दाङका वन अधिकृत वेसीन्द्रराज सुवेदीले जानकारी दिनुभयो। ती तस्बिर विभिन्न २३ स्थानमा जडान गरिएका क्यामेरामा कैद गरिएका हुन्। सर्वेक्षण कार्य वन तथा वातावरण मन्त्रालयअन्तर्गत वन निर्देशनालयको मार्गदर्शनमा गत वर्ष मङ्सिर २४ गतेदेखि माघ ४ गतेसम्म सञ्चालन गरिएका थिए।

चालिस दिनसम्म दुई किलोमिटर लम्बाइ र दुई किलोमिटर चौडाइ भएका एक सय नौ वटा ग्रिडमा क्यामेरा जडान गरी चार सय ३६ वर्ग किलोमिटर वन क्षेत्रको निगरानी गरिएको वन अधिकृत सुवेदीले जानकारी दिए। उक्त अध्ययन क्षेत्रले दाङ जिल्लाभित्र रहेका चार स्थानीय तह, घोराही उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका, लमही नगरपालिका र दङ्गीशरण गाउँपालिकाभित्रका वन क्षेत्रलाई समेटेको थियो।

सर्वेक्षणमा डिभिजन वन कार्यालयका आठ कर्मचारी, आठ स्थानीय नागरिक तथा १६ अनुसन्धानकर्ता सम्मिलित आठ टोली बनाइएको थियो। हाल संकलित तथ्याङ्कको विश्लेषण कार्य जारी छ भने विस्तृत प्रतिवेदन केही समयपछि सार्वजनिक गरिने जनाइएको छ। यससँगै, मध्ये तराई भूपरिधि क्षेत्रभित्र सञ्चालनमा रहेको तीन वर्षे जैविक विविधता सर्वेक्षण पूरा भएको छ। दाङ, अर्घाखाँची र कपिलवस्तु जिल्लाका चार वटा डिभिजन वन कार्यालयको समन्वयमा सम्पन्न उक्त अध्ययनमा हालसम्म जम्मा १० वयस्क बाघ अभिलेख गरिएको छ।

प्रारम्भिक अध्ययनअनुसार ती बाघ बाँके राष्ट्रिय निकुञ्ज वा भारतको सुहेलवा वन्यजन्तु संरक्षण क्षेत्रबाट कम्दी जैविक मार्ग हुँदै ओहोरदोहार गरेको अनुमान गरिएको छ। सिमावर्ती क्षेत्रमा वन्यजन्तु संरक्षणका लागि आन्तरिक तथा दुई देशबीच प्रभावकारी समन्वयको आवश्यकता छ। यस क्षेत्रमा बाघको उपस्थिति नेपाल सरकारले सञ्चालन गरेका दीर्घकालीन वन्यजन्तु संरक्षण प्रयासको सकारात्मक परिणामको रूपमा लिइएको छ। वन तथा भू-संरक्षण विभाग र लुम्बिनी प्रदेश सरकारको सहकार्यमा डब्लु डब्लु एफ नेपालले मध्य तराई भूपरिधि संरक्षण रणनीति तथा कार्ययोजना कार्यान्वयनमा निरन्तर सहयोग गर्दै आएको छ। *रासस*


## Bheemdatt Municipality
## Office of Municipal Executive
Kanchanpur

## Invitation for Bid

(Date of Publication: 2082/02/09)

1. Bheemdatt Municipality, Office of the Municipal Executive, Mahendranagar, Kanchanpur invites electronic bids from eligible bidders for following works funded by Government of Sudurpashchim Province :

| Contract Number | Description Procurement | Estimated Amount in NRs. (Excl. VAT & PS Items ) | Bid Security Amount (NRs) | Bid Documents Fee (NRs) | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 83/SHSS-SHN/ NCB/2081/082 | Siddhnath Ma Vi Sabha Hall Nirman, Ward no. 10 | NPR- 19,14,969.25 | NPR- 60,000.00 | 3,000.00 | 25th Jestha 2082 At 12:00 PM | 25th Jestha 2082, 13:00 PM |

2. Eligible Bidders may obtain further information at Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur (Tel- 099-521322,521167) or may visit PPMO's website, http://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



Government of Sudurpaschim Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
## Infrastructure Development Office
Kanchanpur

## Notice of Intention to Award Contract

**Date of Publication: 2082-02-09(23May, 2025)**

Infrastructure Development Office, Kanchanpur hereby notifies and intends to award the following listed contracts and publish this notice to all concerned bidders regarding our Bid Notice No 11-IDOKAN/081/82,(published on Prabhab Daily) dated 2081-12-31(13th April, 2025)in accordance with ITB Clause 33 and Public Procurement Act 2063 Clause 27.2, 27.3& 47.

| Contract No. | Name and Address of Substantially Responsive Lowest Evaluated Bidder | Total Bid Amount including VAT & PS |
|---|---|---|
| IDOKAN/W/NCB/081/82-108 | M/s Swami Jagannath Nirman Sewa, Kanchanpur | NRs. 20,97,313.79 |
| IDOKAN/W/NCB/081/82-109 | M/s Bohara Construction,Kailali | NRs. 22,92,827.40 |
| IDOKAN/W/NCB/081/82-110 | M/s Byaura Bhawani Nirman Sewa, Kanchanpur | NRs. 16,73,022.96 |
| IDOKAN/W/NCB/081/82-111 | M/s Swami Jagannath Nirman Sewa, Kanchanpur | NRs. 23,99,706.38 |
| IDOKAN/W/NCB/081/82-113 | M/s Divyansi Construction, Kanchanpur | NRs. 20,52,891.86 |
| IDOKAN/W/NCB/081/82-114 | M/s Divyansi Construction, Kanchanpur | NRs. 20,32,616.40 |
| IDOKAN/W/NCB/081/82-116 | M/s Shree IshworConstruction, Kanchanpur | NRs. 22,22,764.76 |
| IDOKAN/W/NCB/081/82-117 | M/s Gyan Construction, Kanchanpur | NRs. 20,28,231.55 |
| IDOKAN/W/NCB/081/82-118 | M/s Divyansi Construction, Kanchanpur | NRs. 30,73,850.86 |
| IDOKAN/W/NCB/081/82-119 | M/s Saurya Builders, Kanchanpur | NRs. 26,77,513.61 |
| IDOKAN/W/NCB/081/82-120 | M/s Saurya Builders, Kanchanpur | NRs. 2,638,060.26 |

**Office Chief**



## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ।

**1. Public Relation Officer (PRO) - 3 (Female/ Male)**

नोटः **+2 Passed,** अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ।

★ तलबः आपसी समझदारीमा

★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ।

**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
License No.: 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu
Mob: 9861045857, 9851075367, Email : globalreliance03@gmail.com



## कुवेत/युएइमा रोजगार

कम्पनी : CHINA STATE CONSTRUCTION ENGINEERING CORPORATION KUWAIT

पूर्व स्वीकृति मिति : २०८२/०२/०६ | LT. No. 323976 | चलानी नं. ६०२३८१०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 140 | 0 | 100 | ४४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CONNECT RESOURCES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०२/०६ | LT. No. 323977 | चलानी नं. ६०२३८१०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 40 | 0 | 1200 | ४४,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 40 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 3 | Labor | 40 | 0 | 800 | २९,८१५ | | | | | | | |
| 4 | Mason. | 40 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 5 | Steel Fixture | 40 | 0 | 1200 | ४४,७२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १४ गते (28th May 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

यो विज्ञापन LT No. 323976/323977 मितिः २०८२/०२/२१ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## जापानमा रोजगार

कम्पनी : ACCUMULATION COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०२/०७ | LT. No. 324224 | चलानी नं. ६०२३८२६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction | 3 | 0 | 201587 | १९२,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : ASIA CREATION COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०२/०४ | LT. No. 324012 | चलानी नं. ६०२३८२६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welding | 3 | 0 | 168200 | १६०,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र। (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र। (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस। ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १६ गते (30th May 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**MANJUSHREE OVERSEAS SERVICE PVT. LTD.**
423/060/061
Baluwatar, Kathmandu,Nepal, Tel: 01-4546052,
Email : info@manjushreeoverseas.com.np,Web: www.manjushreeoverseas.com.np



## युएइमा रोजगार

कम्पनी : Galadari Brothers Co. LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 324330 | चलानी नं. ६०२२८२९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Condition Technician | 10 | 0 | 1500 | ५६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 10 | 0 | 2000 | ७४,५४५ | | | | | | | |
| 3 | Helper | 30 | 0 | 880 | ३२,८०० | | | | | | | |
| 4 | House Electrician | 10 | 0 | 1500 | ५६,००० | | | | | | | |
| 5 | Mason (Nepal) | 20 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 6 | Painter | 10 | 0 | 1500 | ५६,००० | | | | | | | |
| 7 | Scaffolder | 20 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 8 | Shuttering Carpenter | 10 | 0 | 1500 | ५६,००० | | | | | | | |
| 9 | Steal Fixer | 10 | 0 | 1200 | ४४,७२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १६ गते (30th May 2025) मा हुनेछ।

यस कम्पनीका दुबई वा गल्फको लाईसेन्स भएका Skid Steer Loader Operator, Backhoe Loader & Telehandler Operator को पनि आवश्यकता छ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED**
Kathmandu, Nepal, Tel: 01-4547203/04, Mobile: 9767982815 / 9841980236
E-mail : contact@mipjobs.com, Web: www.mipjobs.com
Govt. License No. 1694/081/082

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### कही नभएको जात्रा एनआरएनएमा

देशमा चरम राजनीति भयो भन्दै पाठ सिकाउने संगठनका रूपमा चिनिन्थ्यो – गैरआवासीय नेपाली संघ( एनआरएनए) । दसैंमा घर आउने मौका छोपी आफ्नो नेता चुन्न तारे होटलमा भेला हुने एनआरएन नेपाली राजनीतिबारे लामा भाषण गर्थे ।

देश दलीय दलदलमा फसेको भन्दै राजनीतिक विश्लेषककै रूपमा सुझाव दिन पछि पर्दैनथे उनीहरू । तर उनै एनआरएनए आहिले आफै राजनीतिक रोगको संक्रमणमा फसेको छ । टुटफुटमा रमाउँदै आएको एनआरएनए अहिले औपचारिक रूपमै दुई फचाक भएको छ । पहिलो हो कांग्रेस–माओवादी एनआरएन । जसलाई परराष्ट्र मन्त्रालयले सर्कुलर जारी गरेर आधिकारिक भनेका छ । महेश श्रेष्ठ नेतृत्वको यो एनआरएनएलाई कांग्रेसकी नेतृसमेत रहेकी परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहालले सदर गरेका छन् ।

अर्को हो – एमाले एनआरएन । प्रधानमन्त्री केपी शर्मा ओलीले यसलाई आधिकारिक भनेका छन् । बद्री केसी नेतृत्वको एनआरएनले वैशाख दोस्रो हप्ता काठमाडौंमा भएको एकता सम्मेलनबाट चुनिएका श्रेष्ठ नेतृत्वको एनआरएनलाई कार्यालयमा प्रवेश दिएको छैन । श्रेष्ठ नेतृत्वको एनआरएन फिजिकल्ली र डिजिटल्ली कतै एक्सेस नपाएपछि आ–आफ्नो देशमा उडिसकेका छन् ।

राजनीतिकबाहेक सबै अधिकार पाउने गरी अघि बढेको एनआरएनमा चरम राजनीति शुरु भएको १० औं महाधिवेशनबाट हो । सन् २००३ मा स्थापना भएको यो संस्थामा अमेरिकन एनआरएनहरूले अध्यक्ष बन्ने चर्को प्रयास गर्दा पनि नसकेपछि फुटेको हो । यसलाई साथ अस्ट्रेलियाका धनाढ्य शेष घलेले दिए । आफ्नी श्रीमती जमुना घले अध्यक्ष बनाउन नपाएको झोंक पनि उनले यही पोखिदिए । रोचक त के छ भने १० औं महाधिवशेनमा ३ जना अध्यक्ष बने । ११ औं महाधिवेशनपछि सर्वोच्चले यो समिति नै अवैधानिक भनेर घोषणा गरिदियो । त्यसपछि एकाएक ब्युँतिएको शेष घलेको नेतृत्वलाई एकता सम्मेलन गर्न भनिएको थियो । तर घलेले एकतर्फी रूपमा पेलेर एकता महाधिवेशन गरेको आरोप अर्को पक्षको छ ।

११ औं महाधिवेशनमा पराजित भएपछि बेग्लै समिति बनाएको टोली नै यसपटक एकता महाधिवेशनबाट नेतृत्वमा आएका हुन् । नेपाली राजनीतिलाई पाठ सिकाउन कुनै पनि हालतमा पछि नपर्ने एनआरएनए आफै भने एक कदम अघि बढ्दै एनआरएनएलाई राजनीतिको चरम थलो बनाउनु कतिसम्म जायज होला ?

## श्रम सरोकार

### आप्रवासी कामदारका लागि अन्तर्राष्ट्रिय कानुनका केही प्रावधान

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, संयुक्त राष्ट्रसंघीय र अन्तराष्ट्रिय श्रम संगठन (आइएलओ)का विभिन्न महासन्धिहरूले आप्रवासी कामदारहरूलाई निम्न अधिकार प्रदान गरेका छन्:

- कामको अधिकार, समान कामका लागि महिला र पुरुषलाई समान ज्यालाको अधिकार
- घुमफिरको स्वतन्त्रता (एक देशबाट अर्को देशमा जान पाउने अधिकार/स्वदेश फर्कन पाउने अधिकार)
- लिंग, जाति, राष्ट्रियता आदिका आधारमा भेदभाव नगरी समानताको अधिकार
- अदालतका काम कारबाहीमा नागरिकसरह समानताको अधिकार, स्वच्छ पुर्पक्षको अधिकार
- कामका सेवा सर्तहरूमा नागरिकसरह समान व्यवहार पाउने अधिकार
- सांस्कृतिक तथा ट्रेड युनियनको अधिकार ।

नोटः महासन्धि अनुमोदन नगरेको राष्ट्रमा महासन्धिका व्यवस्थाहरू लागू नहुन सक्छन् । ट्रेड युनियनको अधिकार, बन्द/हडताल गर्नेजस्ता कुरामा सम्बन्धित देशको कानुन नबुझी कदम उठाउँदा धेरै नेपालीले जागिर गुमाएका छन् । यसर्थ अधिकारको प्रयोग गर्दा सम्बन्धित देशको कानुनको पालना गर्नु जरुरी हुने छ ।

#### ठगीबाट जोगिने उपायहरू

- एजेन्टको मात्र भर नपरी म्यानपावरसँग सीधा सम्पर्क गर्ने ।
- कुन देश जाने हो ? कति तलबमा जाने हो ? लागत खर्च कति लाग्छ ? कुन म्यानपावरबाट जाँदै छु ? आदि कुराहरू बुझेर जानुपर्छ । लागत खर्च र आम्दानीको बारेमा राम्ररी बुझ्नुपर्दछ ।
- विदेश जाँदा लाग्ने रकम कुनै व्यक्तिलाई नबुझाई म्यानपावर कार्यालयको लेखा शाखामा बुझाउनुपर्दछ । जसलाई होस् जति पैसा बुझाएको होस् भरपाई अनिवार्यरूपमा लिनुपर्छ ।
- रबाट उड्नुअघि साथमा लिएर जाने कागजातको एक प्रति फोटोकपी अनिवार्यरूपमा घर परिवारलाई छोडेर जानु पर्दछ । सो सम्भव नभए विदेश पुगेर भए पनि घर परिवारलाई पठाइदिनुपर्दछ ।
- आकर्षक देशमा आकर्षक तलबमा काम लगाइदिने प्रलोभनमा पारी गैरकानुनी व्यक्तिले तपाईसँग पैसा असुल्न सक्दछन् । यसबाट सजग हुनुहोस् ।
- विदेश उड्नुअघि आफ्नो करारपत्रबारे राम्रो जानकारी राख्नुहोला अन्यथा भनेबमोजिमको सुविधा पाउनबाट वञ्चित हुनुपर्छ ।

## दाइजो प्रथाविरुद्ध सामूहिक विवाह ?



■ अस्मिता अनमोल

> दाइजो झट्ट हेर्दा आर्थिक पाटोजस्तो लाग्छ । यसको सामाजिक र मानसिक त्रास अझ बढी छ । दाइजोले छोराछोरी बराबरी भन्ने नारा धुमिल बनाएको छ । दाइजोको डरले अझै पनि कति अभिभावकहरु छोरी जन्माउन चाहँदैनन् । गर्भमै छोरीको भ्रूण हत्या गर्छन् । तराई मधेसका धेरै छोरीहरूले उमेर नपुगी विवाह गर्नुपरेको छ । केटाको पढाइअनुसार दाइजो दिनु परेपछि धेरै अभिभावकहरु छोरीलाई सानैमा विवाह गरी दिन्छन् र जिम्मेवारीबाट उम्कन्छन् । यसर्थ, दाइजो प्रथा होइन कुप्रथा हो । दाइजोको कुप्रथा हटाउन सामूहिक विवाह एउटा उपाय बन्न सक्छ ।

वैशाख महिनामा विवाहउत्सव नै चल्यो । बजारका पार्टी प्यालेस र होटल तथा गाउँका मन्दिर र सार्वजनिक थलोमा चहलपहल भए । पहिले आफ्नै घरआँगनमा थोरै आफन्त सहभागी भएर हुने विवाह संस्कार अहिले फेरिइरहेको छ । पहिले दुलहीका घरपरिवारले दुलाह वा उसको घरपरिवारलाई टीका इच्छाअनुसार उपहार दिन्थे । अहिले त्यही उपहार वा दाइजो तोकेर लिन थालिएको छ । यसले तराई मधेसका धेरै छोरीको विवाह रोकिन थालेको छ । समाजमा रहेको यस्तो दाइजो प्रथा कसरी हटाउन सकिएला ? भड्किलो विवाह गर्ने परिपाटी कसरी रोकिएला ?

लुम्बिनीमा भने दाइजोरहित सामूहिक विवाह थालिएको छ । कानुन बने पनि दाइजो प्रथा नरोकिएपछि युवाहरूले सामूहिक विवाहको उपाय रोजेका हुन् । ग्रामीण समाज कल्याण लुम्बिनीले दाइजोरहित सामूहिक विवाहको अगुवाइ गरेको छ । त्यसलाई पछ्याउँदै लुम्बिनी प्रदेश सरकार र लुम्बिनी सांस्कृतिक नगरपालिकाले सहकार्य गरेका छन् । नागरिक अगुवा र धर्मगुरुहरूले समर्थन गरेका छन् । विवाहमा दुलही पक्षले दुलाह वा उसको घरपरिवारलाई दिने नगद वा जिन्सी सामान दाइजो हो । सामान्य अर्थमा दाइजो उपहार हो । उपहार भनेको दिए पनि हुने र नदिए पनि हुने वस्तु हो । तर, तराई मधेसमा यो चलन कुप्रथाको रूपमा जरो गाडेर बसेको छ । छोरीको विवाह गर्ने हो भने घरपरिवारले जसरी पनि दाइजो दिनैपर्छ, नत्र विवाह रोकिन्छ । विवाह भइहाले छोरीमाथि हिंसा सुरु हुन्छ । हिंसाले विवाहको सम्बन्ध बिग्रनेमात्र होइन ज्यानै जान सक्छ । कानुन बन्ने र उजुरी दिनेलाई कानुनी सजाय हुने व्यवस्थाले पनि दाइजोको समस्या नघटेपछि ग्रामीण समाज कल्याण लुम्बिनीमार्फत युवाहरू सामूहिक विवाहमा जुटेका हुन् ।

बुद्ध जन्मस्थल लुम्बिनीमा नयाँ वर्ष २०८२ को पहिलो रात पहिलो सामूहिक विवाह आयोजना गरियो । दाइजोरहित सामूहिक विवाह समारोहमा एउटै मञ्चमा पाँच जोडीको विवाह भयो । त्यो पनि हिन्दू, मुस्लिम र बौद्ध धर्मालम्बीहरूले आफ्नै आस्था र परम्पराअनुसारको विवाह गरे । विवाहमा दाइजोको चलन तराई मधेस समुदायका हिन्दू धर्मावलम्बीमा मात्र होइन, बौद्ध र मुस्लिम समुदायमा पनि छ । यसैले आयोजकले तीनवटै समुदायका जोडी खोजेका हुन् । आयोजकले विवाहको करिब एक महिना अघिदेखि विवाहको तयारी गरिरहेका युवायुवतीको खोजी गरेका थिए । सामूहिक विवाह गर्न झट्ट कोही तयार भएनन् । स्थानीय अगुवाहरूको सहयोगमा बल्लतल्ल पाँच जोडी तयार गरे । विवाह गर्न मञ्जुर भएका जोडीले स्थानीय सरकारबाट आफू विवाहका लागि मञ्जुर रहेको सिफारिस बनाए । विवाह समारोहमा दुलाह र दुलही दुवै पक्षका आफन्त सहभागी भए । धर्मगुरुहरू, स्थानीय अगुवा, नागरिक समाजका प्रतिनिधि, स्थानीय तह र प्रदेश सरकारका जनप्रतिनिधिहरूलाई निम्त्याइयो । दाइजोरहित सामूहिक विवाहबारे सन्देश दिन फैलाउन बालबालिकामार्फत मञ्चबाट एकताको राष्ट्रिय गान घन्काइयो ।

विवाहलाई सर्वमान्य र संस्कृतिअनुरूपको बनाउन तीनवटै संस्कारअनुसार विवाह गरियो । जब हिन्दू धर्मावलम्बीका जोडीको विवाह सुरु भयो, पण्डितले मञ्चबाटै मन्त्र पढे । दुलाहादुलहीले मञ्चमै बनाइएको अग्निसहितको मण्डप घुमे । त्यही अग्नि र दर्शक साक्षी राखेर दुलाहले दुलहीको सिन्दूर रंगाए । विवाह सकियो । बौद्ध धर्मावलम्बी जोडीले मञ्चमै दुलाहादुलहीलाई माला पहिराए र भिक्षुको आशीर्वाद लिए । मुस्लिम समुदायको विवाहमा कबुल गरे । एक अर्कालाई माला पहिराए । विवाहपछि कसैले कसैलाई दाइजो र दक्षिणा दिएनन् । बरु आयोजकका तर्फबाट विवाहको प्रमाणपत्र दिइयो । लुम्बिनी प्रदेश सरकारका तर्फबाट सहभागी भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकालले विवाहको प्रमाणपत्र हस्तान्तरण गर्दै नयाँ जीवनका लागि शुभकामना दिए । विवाहमा सहभागीलाई सामूहिकरूपमै विवाह भोज खुवाइयो । दाइजोविरुद्ध सामूहिक विवाहको आयोजना गरेका युवा निरन्तर यस्ता विवाह गर्ने योजनामा छन् । त्यसका लागि नाम संकलन गरिरहेका छन् । यस्तो अभियान जिल्ला, प्रदेश हुँदै देशव्यापी बनाउन सञ्जाल गठन गर्ने तयारीमा छन् ।

दाइजोलाई नेपालको कानुनले अवैध मानेको छ । दाइजो प्रथालाई नियन्त्रण गर्न र यसका कारण हुने सामाजिक अन्याय, भेदभाव र हिंसा रोक्न विभिन्न कानुनी व्यवस्था गरेको छ । यद्यपि, तराईका समुदायमा विवाहमा केटा पक्षले तोकेरै दाइजो लिने कुप्रथा छ । केटाको पढाइ र जागिरलाई दाइजोको मानकका रूपमा लिन्छन् । विवाहमा केटाको पढाइ र जागिरअनुसार केटी पक्षसँग दाइजो माग्छन् । जति धेरै केटाको पढाइ र जागिर हुन्छ, त्यति धेरै दाइजो दिनुपर्छ । पढाइ खर्च उठाउन भन्दै केटा पक्षले दाइजो तोक्छन् । लुम्बिनी प्रदेशका तराईका जिल्लामा डाक्टर बनेका केटासँग विवाह गर्न केटी पक्षले कम्तीमा ५० लाख रूपैयाँ नगद दिनुपर्छ । इञ्जिनियरको ४० लाख रूपैयाँसम्मको माग हुन्छ । त्यसपछि सरकारी जागिरे अधिकृतका लागि ३० लाख रूपैयाँसम्मको दाइजो तोकिन्छ । दाइजोमा नगदमात्र होइन विलासिताका वस्तु टिभी, लुगा धुने मेसिन, फ्रिज, कम्प्युटर, मोटरसाइकल, कारलगायतका सामानको पनि बोलकबोल चल्छ । सिक्री, औंठीलगायत सुन, चाँदीका गहना दाइजोमा पर्छन् । यसबाहेक दैनिक जीवनमा चाहिने कपडा, फर्निचर, भाँडाकुँडा त दिनैपर्छ ।

छोरीलाई पढाए पढेको केटा खोज्नुपर्छ । पढेको ज्वाइँलाई धेरै दाइजो दिनुपर्छ । धेरै दाइजो दिने तनाव लिनुभन्दा छोरीलाई नपढाउनु नै जाति मान्ने अभिभावक धेरै छन् । त्यसैले दाइजोको प्रत्यक्ष असर तराईका छोरीको पढाइमा परेको छ । छोरीहरूले इच्छाअनुसार पढ्न पाएका छैनन् । धेरैले पढाइ पूरा नगरी विद्यालय छोड्नुपरेको छ । दाइजो झट्ट हेर्दा आर्थिक पाटोजस्तो लाग्छ । यसको सामाजिक र मानसिक त्रास अझै बढी छ । दाइजोले छोराछोरी बराबरी भन्ने नारा धुमिल बनाएको छ । दाइजोको डरले अझै पनि कति अभिभावकहरू छोरी जन्माउन चाहँदैनन् । छोरी जन्मे दुःख मान्छन् । गर्भमै छोरीको भ्रूण हत्या गर्छन् । तराई मधेसका धेरै छोरीहरूले उमेर नपुगी विवाह गर्नु परेको छ । केटाको पढाइअनुसार दाइजो दिनु परेपछि धेरै अभिभावकहरू छोरीलाई सानैमा विवाह गरिदिन्छन् र जिम्मेवारीबाट उम्कन्छन् । यसर्थ दाइजो प्रथा होइन कुप्रथा हो । दाइजोको कुप्रथा हटाउन सामूहिक विवाह एउटा उपाय बन्न सक्छ ।

कानुनीरूपमा हेर्दा, नेपालमा दाइजो लिनु वा दिनु अपराध हो । कानुनअनुसार जबर्जस्ती दाइजो लिनु अपराध हो । कसैले दबाब, धम्की वा बलपूर्वक दाइजो लिन खोजेमा वा लिएमा उसलाई अपराधी ठहरिन्छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ मा महिला हक उल्लेख छ । त्यसमा महिलालाई दाइजो प्रथाविरुद्ध संरक्षण, समान अधिकार र हिंसाबाट मुक्त गरिने उल्लेख छ । मुलुकी अपराधसंहिता २०७४ ले दाइजो लिनुलाई अपराध मानेको छ । यसमा आफ्नो परम्परादेखि चलिआएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहनाबाहेक विवाह गर्ने दुलाहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन सर्त राखी विवाह गर्न वा गराउन हुँदैन भनिएको छ । दाइजो लिने, दिने र दाइजोको बार्गेनिङ गराउने तीनै पक्षलाई सजायको भागिदार बनाएको छ । दाइजो लिने व्यक्तिलाई तीन वर्षसम्म कैद वा ३० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ । दाइजोको निहुँमा दुलही वा निजका नातेदारलाई कुनै किसिमले अमानवीय वा अपमानजन्य व्यवहार गरे कसुर गर्ने व्यक्तिलाई पनि सजाय हुन्छ । दाइजोस्वरूप लिइएको सम्पत्ति सरकारले जफत गर्न सक्छ ।

दाइजोलाई कानुनीरूपमा बन्देज गरेर सजायको व्यवस्था गरे पनि नहट्नु हाम्रो मानसिकता परिवर्तन नहुनु हो । छोरीलाई सक्षम नबनाउनु हो । छोरीलाई आत्मनिर्भर नबनाउनु हो । छोरीलाई सक्षम र आत्मनिर्भर बनाउनुभन्दा सक्षम घरपरिवार वा केटा खोज्नु हो । पहिले पहिले पहाडमा भएको दाइजो प्रथा अहिले धेरै हटेको छ । यसको कारण छोरीहरू सक्षम र आत्मनिर्भर बन्दै गएका छन् । जीवनसाथीको छनोट गर्ने र विवाह गर्ने वा नगर्ने निर्णय गर्नसक्ने भइरहेका छन् । आफैंले जीवनसाथी छनोट गर्दा दाइजोको मोलतोल हुँदैन । दाइजो प्रथा हटाउन तराई, मधेसका छोरीलाई पनि शिक्षित, आत्मनिर्भर र विवाहको निर्णय गर्ने अधिकार दिनुपर्छ । यस्तो कुरा भर्खरै सबैमा लागू नहुन सक्छ । त्यसका लागि अभिभावकमा भएको लालच हटाउनुपर्छ । प्रथाका नाममा रहेको नराम्रो सस्कारलाई कुसंस्कारका रूपमा हटाउने प्रयत्न थाल्नुपर्छ । कतै दाइजोको मोलतोल भएको, त्यसले विवाह रोकिने वा हिंसा निम्तने अवस्था आए कानुनी उपचारकालाई बाटो चाल्नुपर्छ । विवाहमा हुने खर्च कटौती र दाइजोको सकस हटाउन सामूहिक विवाह उत्तम विकल्प हुनसक्छ । हिमाल, पहाडदेखि तराई मधेसका समुदायले सामूहिक विवाह अपनाउनु उपयुक्त हुने छ । *रासस*

## महिला–महिलाबीच प्रतिस्पर्धा हुने निर्वाचन प्रणाली बनाऔं



■ राजेन्द्रलक्ष्मी गैरे

सुरुमा संसद्मा आउँदा सरकारले भर्खरै बजेट ल्याएको थियो । त्यही बजेट छलफलमै केन्द्रित भएँ । राष्ट्रिय सभामा परिपक्वको प्रतिनिधित्व भएर होला अनुशासित छ । यो सभामा कसैलाई पनि आक्षेप लगाउने काम हुँदैन । हामी विभिन्न पार्टीबाट सहभागी भए पनि राष्ट्रिय मुद्दामा एकै ठाउँमा उभिन्छौं । सत्ता वा प्रतिपक्ष नभनी देश र जनतालाई केन्द्रमा राखेर काम गरिरहेका छौं ।

संविधान भनेको देशका सबै नागरिकको प्रतिनिधित्व हो । पछिल्लो समयमा आमजनताले सुशासन, भ्रष्टाचार, अन्याय र आफ्नो अधिकारको विषयमा सहजै बोलेका छन् । यो हाम्रो संविधानको उपलब्धि हो । संविधान समावेशी भएकै कारण महिला, आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम, अपांगता भएका व्यक्ति र सबै उत्पीडित समुदायले आफ्नो अधिकारको निम्ति आवाज उठाइरहेका छन् । संविधान कार्यान्वयनको पक्षमा सकारात्मकरूपमै अगाडि बढेको छ । यदि संविधानमा महिलाको निम्ति ३३ प्रतिशत सुनिश्चित हुँदैन थियो भने महिलाले आफ्नो कुरा राख्न सक्ने अवस्था हुन्थेन । तर पनि नागरिकता, निर्वाचन प्रणालीलगायत केही विषयमा संविधानमा मिलाउनुपर्ने छ ।

अहिलेको हाम्रो निर्वाचन प्रणाली अत्यन्त महँगो छ । पैसा हुने मान्छे मात्रै चुनाव लड्न सक्ने खाले छ । लामो समयदेखि निष्ठाको राजनीति गर्ने व्यक्तिसँग पैसा छैन भने उसले चुनाव जित्न कठिन छ । निर्वाचन प्रणाली अलि भड्किलो छ । अहिले नेताले राजनीतिमा गरेको योगदानभन्दा पनि पार्टीले नै पैसा जोससँग छ, उसैलाई टिकट दिने प्रचलन बढेर गएको छ । त्यसैले अहिलेको निर्वाचन प्रणालीलाई परिवर्तन गरी सहज र सरल बनाउनुपर्ने छ । अब महिला–महिलाबीच प्रतिस्पर्धा हुने निर्वाचन प्रणाली बनाउनुपर्छ । महिलामा जसले जिते पनि महिलाले नै आउँछन् ।

हामी महिला जनसंख्याको हिसाबले पनि ५१ प्रतिशत हो । मतदाताको हिसाबले पनि हामी ५१ प्रतिशत छौं । राज्यमा प्रतिनिधित्व पनि त्यही अनुपातमा हुनुपर्छ । देशको आर्थिक र सामाजिक रूपान्तरणसँगै समग्र विकासको निम्ति पुरुषको जति योगदान छ, त्यतिनै महिलाको पनि त्यति नै छ । जहिलेसम्म महिला र पुरुषबीचको विभेद रहन्छ, त्यहिलेसम्म यो मुद्दा उठिरहन्छ । हाम्रो लक्ष्य भनेको संसद्मा ३३ प्रतिशत सहभागितामात्रै होइन । यद्यपि अहिले भएको कुरालाई हामीले उपलब्धिको रूपमा लिएका छौं । प्राप्त अधिकारको रक्षा गर्दै थप अधिकारको निम्ति निरन्तर संघर्ष गर्नुपर्ने छ ।

संविधान १०-१० वर्षमा संशोधन गर्न सकिने विषय संविधानमै उल्लेख छ । संविधानको कार्यान्वयनको सवालमा पनि कतिपय विषय संशोधन गर्नुपर्ने आवश्यकता देखिन्छ । तर संशोधन आवश्यक छ, भन्दैमा आफ्नो मनोमानी हुँदैन । राजनीतिक सहमति नगरिकन संशोधन गर्न हुँदैन । नेपाली जनताको भावनाअनुसार संशोधन हुनुपर्छ ।

देश संघीयतामा जाँदै गर्दा हामीले नेपाली जनताको अधिकारलाई अझै सुलभ र सरल बनाउनुपर्छ भनेको हो । संघीयता आएपछि मानिसहरूले एउटा राजाको ठाउँमा धेरै राजाहरू आए भनेका छन् । संघीय, प्रदेश र स्थानीय तहको खर्चिलो प्रणालीलाई कम गर्नुपर्छ । तीनै तहको सरकारको खर्च कटौती गर्नुपर्छ । त्यसका लागि मन्त्रालयको संख्या र सांसदको संख्या कम गर्नुपर्ने हुन्छ । स्थानीय तहलाई पनि गाभेर जानुपर्छ जस्तो लाग्छ ।

महिला हिंसा अन्त्यको निम्ति पहिलो त महिलाहरू आफैं सक्रिय भएर आफ्नो आवाज बुलन्द गर्नुपर्छ । अर्को भनेको सबै ठाउँमा महिलाको सहभागिता पनि हुनुपर्छ । नेपालमा महिलाको राजनीतिक प्रतिनिधित्व भए पनि निर्णय गर्ने तहमा अझै पुग्न सकेका छैनन् । महिला भएकै कारण उसको अस्तित्वलाई स्वीकार नगर्ने संस्कार पनि छ । महिला हिंसा, महिलाको आर्थिक पहुँचसँग पनि जोडिएको छ । त्यसको निम्ति राज्यले महिलाको आर्थिक पहुँचमा वृद्धि गर्ने नीति तथा कार्यक्रम ल्याउन जरुरी छ । जनचेतना पनि फैलाउन जरुरी छ । सरकारले महिला आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

देशमा सकारात्मक रूपमा हेर्ने हो भने व्यवस्था परिवर्तनसँगै जनताको अवस्थामा पनि परिवर्तन भएको छ । पहिला हामी एउटा गाउँबाट अर्को गाउँ जान दिनभरि हिँड्नुपर्ने हुन्थ्यो । सदरमुकाम पुग्न एक दिन लाग्थ्यो । अहिले जनताको घरदैलोमा गाडी पुगेको छ । विस्तारै आर्थिकरूपमा पनि सम्पन्न हुँदै गएको देखिन्छ । तर हामीले जनतालाई सुशासन दिन सकेका छैनौं । जनता आफूले नपाएर होइन, अरुले बदमासी गरेकोमा दुःखी छन् ।

विदेश जाने युवाहरू दुई थरीका छन् । एउटा अध्ययनका सिलसिलामा जाने छन् । जसको घरको आर्थिक अवस्था बलियो छ । तर ऊ विदेश गएर पनि सुखी छैन । किनभने उसले त्यहाँ कमाउँदै पढ्दै गर्ने हो । अर्को भनेको रोजगारीको निम्ति विदेश जाने युवा रोक्नका लागि देशभित्रै रोजगारीको सिर्जना गर्न सक्नुपर्छ ।

सरकारले सबैसँग समन्वय गरेर काम गरेको देखिँदैन । सांसद पनि सत्तामा जानका लागिमात्रै प्रतिस्पर्धा गरेको देखिन्छ । सरकारले नियुक्त गर्ने राज्यका हरेक निकायमा राजनीतिक भागबण्डा देखिन्छ । अहिलेमात्रै होइन, पहिलेका सरकार पनि आफू केन्द्रित भएको देखिन्छ । सुशासनको निम्ति आफ्नो मान्छे होइन, योग्य मान्छे नियुक्त गर्नुपर्छ ।

*(नेकपा एकीकृत समाजवादीकी केन्द्रीय सदस्य एवं राष्ट्रिय सभा सदस्य गैरेसँग राससले गरेको कुराकानीमा आधारित)*

# पर्यटक आकर्षणको केन्द्र बन्दै लमजुङको 'राइनासकोट'



■ अच्युत रेग्मी

**राइनासकोट (लमजुङ)–** पूर्वीलमजुङको राइनास , नगरपालिका-९ मा रहेको राइनासकोट पछिल्लो समय आन्तरिक तथा बाहृय पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ । वि.सं. २०७२ मा गएको भूकम्पबाट क्षति पुगेको राइनासकोटको गुरुङगाउँ पुनर्निर्माण गरेर घरबास (होमस्टे) सञ्चालन भएसँगै पछिल्लो समय आन्तरिक तथा बाहृय पर्यटकको घुइँचो लाग्न थालेको हो ।

राइनास होमस्टेबाट केही माथि रहेको राइनासकोटबाट देखिने अन्नपूर्ण, गणेश, मनास्लु, लमजुङ, माछापुच्छ्रेलगायत एक दर्जनभन्दा बढी हिमशृंखलाको रमणीय दृश्यले पर्यटकको मन लोभ्याउने गरेको छ । काठमाडौंबाट राइनासकोट पुगेका डा. ज्योतिप्रसाद गजुरेलले यहाँको आतिथ्यता र ऐतिहासिक थलो राइनासकोट भ्रमणले आफूलाई आनन्द तुल्याएको बताए । यहाँको हावापानी र सुन्दर, मनोरम दृश्यले पछिल्लो समय आन्तरिक तथा बाहृय पर्यटक बढ्न थालेका उनको बुझाइ छ ।

उक्त डाँडाबाट गोरखाको पर्यटकीयस्थल बारपाक, लाप्राक, भच्चेक, पालुङटार, सिरानकोट, गोरखाबजार, तनहुँको आँबुखैरनी, डुम्रेबजार, बन्दिपुर, दमौलीलगायत गाउँहरू सजिलै देख्न सकिन्छ । लमजुङको सदरमुकाम बेँसीसहर, भोटेवडार, सुन्दरबजार, भोर्लेटार, दुराडाँडा र पूर्वीलमजुङका अधिकांश भागसमेत उक्त डाँडाबाट आँखै अगाडि देख्न सकिन्छ । स्थानीयका अनुसार उक्त स्थानबाट १८ जिल्ला देख्न सकिन्छ ।

यहाँबाट देखिने सूर्योदय र सूर्यास्तको दृश्यसँगै देखिने हिमाल, चेपे र मर्स्यांदी नदी किनाराका फाँटका साथै नेपालका बाइसे-चौबिसे राजाको पालामा निर्मित ऐतिहासिक राइनासकोट किल्ला, यहाँस्थित कालिका, कोटेश्वर महादेव, थानीमाई मन्दिरलगायत थुप्रै ऐतिहासिक एवं सांस्कृतिक महत्त्वका स्थलले यहाँको गरिमा र महत्त्व चुलिएको छ ।

रागीनासको नामले परिचित यो ठाउँ पछि अपभ्रंश हुँदै राइनास बन्न गएको स्थानीय बताउँछन् । इतिहासअनुसार शाह वंशीय पहिलो राजा कुलमण्डनका कान्छा छोरा यशोब्रह्म शाहद्वारा स्थापित लमजुङ-राइनासकोट राज्यको पछि यशोब्रह्मका छोरा नरहरि शाहले थप सुदृढीकरण गरे भने द्रव्य शाहले चेपेघाट-लिगलिगको दौडमा विजय हासिल गर्दै १६१६ सालमा गोरखाका राजा भएका थिए ।

समुद्री सतहबाट एक हजार ७७४ मिटरको उचाइमा रहेको रमणीय राइनासकोट नेपालको महत्त्वपूर्ण ऐतिहासिक स्थल हो । यो गाउँमा प्राचीन मौलिकता जोगाउनेगरी परम्परागत घुमाउने घरसँगै स्थानीयको कला, संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यका साथ गुरुङ संग्रहालयसमेत स्थापना गरिएको छ ।

लमजुङको गुरुङबस्ती रहेको राइनासकोटका १७ घरमा होमस्टे सञ्चालन गरिएका छन् । यहाँ एक रातमा १०० जनासम्म मानिस सजिलै बस्न सक्छन् । राइनासकोट सामुदायिक होमस्टेका व्यवस्थापक शम्भु गुरुङले शुक्रबार र शनिबार यहाँ आउने पर्यटकको संख्या अन्य दिनको तुलनामा बढी हुने गरेको उल्लेख गरे ।

'शुक्रबार र शनिबार ५० देखि १०० जनाको संख्यामा होमस्टेमा बास बस्न आउनुहुन्छ । अरु दिन ५० देखि ८० को हाराहारीमा पर्यटक आउनुहुन्छ,' उनले भने ।

होमस्टेमा आएका पाहुनालाई जानेबित्तिकै वेलकम ड्रिंकस्, खाजा, रातिको स्थानीयस्तरमा उत्पादित अर्ग्यानिक खाना र बिहानको खाजा उपलब्ध गराउँदै आइएको व्यवस्थापक गुरुङले बताए । वैशाख १२ गते गएको विनासकारी भूकम्पपछि यहाँ एकै खालका २० घर पुनर्निर्माण गरिएको छ । अमेरिकी नागरिक नतासाको सहयोगमा पुनर्निर्माण भएको उक्त ठाउँमा होमस्टे सञ्चालनसँगै पर्यटन प्रवर्द्धन गरिएको उनको भनाइ छ ।

राइनास नगरपालिकाका प्रमुख खड्गबहादुर गुरुङले राइनासकोटको पर्यटनलाई थप विकास गर्नका लागि नगरपालिकाले योजना बनाएर काम गरिरहेको बताए । 'होमस्टेलाई थप व्यवस्थित बनाउनका लागि स्थानीय तहमा उत्पादित खानालाई प्रोत्साहन गरिएको छ । होमस्टे सञ्चालनसम्बन्धी तालिम प्रदान गरेका छौं,' उनले भने ।

मौरीपालन, कुखुरापालन र तरकारीखेतीको विकासलाई नगरपालिकाले प्राथमिकता दिएको नगरप्रमुख गुरुङले जानकारी दिए । केन्द्र र प्रदेश सरकारको सहयोगमा हाल राइनासकोटमा पार्कसमेत स्थापना गरिएको छ । उक्त कोटमा रहेको मन्दिरलाई पुनर्निर्माण, पुरातात्त्विक सम्पदाको संरक्षण, पार्क तथा बाटो निर्माणमा स्थानीय सरकारले संघ र प्रदेश सरकारसँग समन्वय गरी काम गरिरहेको उनले बताए ।

राइनासकोटबाट प्याराग्लाइडिङसमेत गरिँदै आइएको छ । चैत-वैशाखमा फुल्ने लालिगुँरास, फल्ने काफल र ऐंसेलुले पर्यटकलाई थप लोभ्याउने गरेको नगरप्रमुख गुरुङको भनाइ छ । 'ग्रामीण जीवनशैली बुझ्न राइनास उपयुक्त छ । जहाँ खेतीपाती गरेको, ढिकी-जाँतो चलाएको, दूध दूहेको, मोही मोथेकोलगायत दृश्य देख्न सकिन्छ,' उनले भने ।

काठमाडौंबाट १५५ किलोमिटर टाढा रहेको लमजुङको प्रवेशद्वार पाउँदीबजारबाट डेढ घण्टामा पुग्न सकिने राइनासकोटमा पछिल्लो समय काठमाडौं, चितवन, पोखरालगायत सहरबाट मानिस घुम्न आउने गरेका छन् । *रासस*


## मलेसियामा रोजगार

कम्पनी : 3E Worldwide Sdn. Bhd

पूर्व स्वीकृति मिति : २०८२/०२/०७ | LT. No. 324237 | चलानी नं. ६०२३८२४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 13 | 0 | 1700 | ५४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: शाखा कार्यालय, बिर्तामोड, झापामा मिति: २०८२ जेठ १६ गते (30th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYWAYS BUREAU SERVICES PVT.LTD.
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67

## कुवेतमा रोजगार

कम्पनी : SIMRAMIS CATERING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०१/२८ | LT. No. 319250 | चलानी नं. ६०२३३४२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 150 | ६६,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Junior Cooks | 2 | 0 | 125 | ५५,७८५ | | | | | | | |
| 3 | Room Boy | 4 | 0 | 95 | ४२,३९५ | | | | | | | |
| 4 | Laundry | 4 | 0 | 95 | ४२,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १६ गते (30th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 01590804/015906944
श्रम ईजाजत नं. ९५४/०६७/६८

## साउदीमा रोजगार

कम्पनी : ABDULLAH AL OTHAIM MARKETS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 324323 | चलानी नं. ६०२३८२८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Shelves Packing Worker | 25 | 0 | 1000 | ३६,५०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १६ गते (30th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YOUNG MANPOWER PVT.LTD.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74

# व्यास नगरपालिका पूर्णखोप सुनिश्चित घोषणा

**तनहुँ (प्रस)–** व्यास नगरपालिकालाई पूर्णखोप सुनिश्चित पालिका घोषणा गरिएको छ । नगरपालिकाभित्रका बालबालिकालाई सबै खोप पूरा गरिएपछि नगरपालिकालाई पूर्णखोप सुनिश्चितता भएको पालिका घोषणा गरिएको हो ।

नगरपालिकाभित्रका १६ देखि ५९ महिनासम्मका सबै बालबालिकालाई खोप लगाएपछि बुधबार आयोजित एक कार्यक्रमका बीच पालिकालाई पूर्णखोप सुनिश्चितता घोषणा गरिएको हो । नगरपालिकाका स्वास्थ्य शाखाकी जनस्वास्थ्य निरीक्षक लक्ष्मी गुरुङका अनुसार नगरपालिकाभित्रका १६ महिनादेखि २३ महिनाका दुई हजार ८२८ बालबालिकालाई सबै खोपको पहुँचमा ल्याइएको छ ।

कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठ, जिल्ला समन्वय समितिका प्रमुख एवं खोप समन्वय समितिका संयोजक शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेललगायत वक्ताले पालिकालाई पूर्णखोप सुनिश्चितता एवं दिगोपना सुनिश्चितताका लागि प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका छन् ।

साथै राजनीतिक दलका प्रतिनिधि, स्वास्थ्यकर्मी, शिक्षक, विद्यार्थी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, आमा समूह, महिला सञ्जालले अभियानको दिगोपना कायम राख्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

## Pipra Rural Municipality
## Office of The Rural Municipality Executive

**Pipra, Mahottari**
**Madhesh Province**

## Invitation For E-Bid

**Date of First Publication: 2082/02/09 (2025/05/23)**

Pipra Rural Municipality, Pipra Mahottari, invites Electronic Bid From eligible bidders for following works under National Competitive Bidding. All other information and Bid Documents can be download from PPMO website www.bolpatra.gov.np/egp. Eligible Requested to submit E-Bid with the required document with in the period Mentioned in E-Bid Document.

| S. N. | Contract No: | Description of Work | Estimated Cost (with vat, ps & contingency) | Min Bid Security NRs. | Price of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1 | PRM/ NCB/W/ 81/82/04 | Ma.Vi Sahodawa ma sauchaly plastar parking sthan bidhutikaran karya. | 4999327.15 | 125000.00 | 3000.00 |

**Chief Admin officer**

## Ramnagar Rural Municipality
## Office of the Rural Municipal Executive

**Ramnagar, Sarlahi**
**Madhesh Province**

## Invitation for Bids

**First date of Publication: 2082/02/09**

1. Ramnagar Rural Municipality, Office of the Rural Municipal Executive, Ramnagar Sarlahi invites electronic bids from eligible bidders under National Competitive Bidding procedures. Bidding is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may visit PPMO e-GP system www.bolpatra.gov.np/egp
3. Bidding Documents can be downloaded from e-GP system also. www.bolpatra.gov.np/egp. Intrested bidders shall register in the e-Gp System and deposite the cost of bidding documents in the following bank
   Name of the Office: Ramnagar Rural Municipality
   Name o Bank: Nepal Investment Mega Bank, Ramnagar, Sarlahi
   **Rajaswa Account No. :- 17101400000079**
4. Information to deposit the Bid Security Amount in Bank:-
   Name of Office: Ramnagar Rural Municipality
   Name of Bank: Nepal Investment Mega Bank, Ramnagar, Sarlahi
   **Dharauti (Deposite) Account No. :- 17101400000116**
5. Pre-Bid Meeting shall be held at Ramnagar Rural Municipality Office, Ramnagar Rural, Sarlahi at 2:00 PM on **20th day of bid publish.**
6. Electronic Bids must be submitted through **www.bolpatra.gov.np/egp** on or before 12:00 PM ( 31st day from first day of notice published). The office shall not be responsible for any mis-communication in case of incomplete information about firm's address. Bids received after this deadline will be rejected.
7. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on ( 31st day from first day of notice published) at Ramnagar Rural Municapility, office of Municipal Executive, Ramnagar Rural Sarlahi. Non-attendance of any or all of the Bidders' representatives shall not hinder the opening of the bids. Bids must be valid for a period of as mentioned in table below after the date of bid opening.
8. Bids must be accompanied by a Bid Security of minimum amount specified *in table* below either in the form of bank voucher confirming cash deposit in deposit account no.as specified above or a bid security (unconditional bank guarantee) issued by Commercial Bank/Financial Institution as approved by Nepal Rastriya Bank. The Bid Security shall be *valid for 30 days* beyond the bid validity period. **Bidder must clearly quote the contract name and contract number in Bid security form (Bank guarantee) otherwise will cause disqualification of Bidder.**
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Bidders can bid as a single contractor or in the form of Joint Venture of maximum of three contracting firms.
11. Bidders are advised to visit the site and assess the actual site condition before submitting the bids at their own cost .
12. The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.

| S. n. | Contract No | Description Of Work | Estimate amount (Without VAT) | Bid Security Amount (Nrs.) | Bid Validity Period | Bid Document Cost (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB-Works-RRM-02/ 2081/082 | Ramnagar-4 hanuman mandhir deki birta tole samma sinchai Bidhutikaran karya | 33,83,124.69 | 1,00,000.00 | 90 Days | 3000.00 | Single envelope |

**Chief Administrative Officer**

# प्रभाव दैनिक

शुक्रबार, ०९ जेठ, २०८२ (Friday, May 23, 2025)





### द कपिल शर्मा शोको फोटोग्राफर दास दादाको मृत्यु


कमेडियन कपिल शर्माको 'द कपिल शर्मा शो'का चर्चित फोटोग्राफर दास दादाको मृत्यु भएको छ । दास दादा प्रायः शोका एपिसोडका बीचमा देखिन्थे । कपिलले प्रायः उनीमाथि ठट्टा गर्थे । दास दादाको निधनको खबर कपिल शर्माको टोलीले सामाजिक सञ्जालमा एक पोस्ट मार्फत दिएको हो । 'आज मन धेरै भारी भएको छ । हामीले दास दादालाई गुमायौँ । यस्तो व्यक्ति जसले लेन्स पछाडि रहेको एक आत्मा, जसले द कपिल शर्मा शोको सुरूवातदेखि नै अनगिन्ती सुन्दर क्षणहरूलाई कैद गरे । उहाँ एक सहयोगी फोटोग्राफरभन्दा धेरै नै हुनुहुन्थ्यो ।'





# 'होस्टल–३' टिमले 'बाउ भर्सेस छोरा' बनाउने

■ प्रभाव संवाददाता




**काठमाडौं–** गत वर्ष प्रदर्शनमा आएको व्यापारिकरूपमा सफल 'होस्टल-३' निर्माण टिमले नयाँ फिल्म बनाउने घोषणा गेरेको छ । निर्देशक सशान कँडेलले बुधबार एक थिम पोस्टर सार्वजनिक गरी फिल्म 'बाउ भर्सेस छोरा' निर्माणको घोषणा गरेका हुन् । थिम पोस्टरले यो फिल्मले दुई पुस्ताको मत भिन्नताको कथा उठान गर्ने बुझाउँछ ।

निर्माण पक्षले दिएको जानकारी अनुसार यो फिल्म 'एक्स जेनेरेसन' र 'जेड जेनेरेसन'को फरक सोचलाई फिल्ममा रोचक र गहन ढंगले उतारिनेछ । फिल्मका लेखक माधव शर्मा भन्छन्, 'नेपाली समाजमा बढ्दो पुस्तागत टकराब र नयाँ पुस्ताले भोगिरहेको दुर्व्यसनको यथार्थता हामीले पर्दामा उतार्न खोजेका हौं ।'

वर्तमान समयमा बुवा र छोराबीचको भौतिक दूरीसँगै सोच, व्यवहार, दृष्टिकोण र जीवनप्रतिको बुझाइमा आएको अन्तरलाई केन्द्र भागमा राखेर फिल्मको कथा लेखिएको उनले बताए ।

यो फिल्ममा पनि माधव र निर्देशक सशान कँडेलले सहकार्य गर्दैछन् । यो उनीहरूको दोस्रो सहकार्य हो । उनीहरूको पहिलो सहकार्य 'होस्टल-३'मा भएको थियो, जुन फिल्मले ५१ दिन मनाएको थियो । 'होस्टल-३'मा जस्तै यस फिल्मको कथा निर्देशक कँडेलको हो भने स्क्रिप्ट शर्माले लेखेका हुन् ।

'बाउ भर्सेस छोरा'को कलाकार चयनको काम बाँकी रहेको निर्माण पक्षले बताएको छ । यो र छायाङ्कन र प्रदर्शन मिति चाँडै सार्वजनिक गर्न तयारीमा निर्माण पक्ष रहेको बुझिएको छ । सम्मान इन्टरटेन्मेन्टको ब्यानरमामा बन्ने यो फिल्मको कार्यकारी निर्माता शंकर कोइराला रहेको बताइएको छ ।

# सिन्दूर लगाएर कान्समा पुगिन् ऐश्वर्या

**नयाँ दिल्ली–** बलिउड अभिनेत्री ऐश्वर्या राय बच्चन हालै कान्स फिल्म फेष्टिभलमा पुगिन् । यस क्रममा अभिनेत्रीले बनारसी साडी र भारी गहना लगाएकी थिइन् । तर सबै भन्दा धेरै चर्चा उनले सिउँदोमा लगाएको सिन्दूरले पायो । ७८ औं कान्स फिल्म फेस्टिभलको लागि ऐश्वर्या भारतीय फेसन डिजाइनर मनीष मल्होत्राले डिजाइन गरेको सुन्दर साडी लगाएकी थिइन् । उनको यो लुकले फेसन समीक्षक र प्रशंसकहरूलाई दुवै प्रभावित गर्‍यो ।

यस लूकले अभिनेत्रीले अभिषेक बच्चनसँगको आफ्नो डिभोर्सको हल्लामा पूर्ण विराम लगाइदिएकी छिन् । यसलाई धेरैले केही नबोलीकन उनले भनी पाकिस्तानलाई थप्पड हानेर अन्तर्राष्ट्रिय मञ्चमा भारतको अपरेसन सिन्दूर को प्रतिनिधित्व गरेको रूपमा पनि अर्थ्याइरहेका छन् ।

ऐश्वर्याको लुकको बारेमा कुरा गर्दा, अभिनेत्रीको यो बहुप्रतिक्षित कान्स लुक प्रसिद्ध फेसन डिजाइनर मनीष मल्होत्राले डिजाइन गरेका थिए । अभिनेत्रीले साडी लगाएकी थिइन्, जुन हातले बुनेको बडा बनारसी ह्यान्डलूम साडी थियो । यो आइभोरी रंगको हस्तनिर्मित साडीमा चाँदीको जरीको वर्क थियो ।

साडीको साथमा अभिनेत्रीले उही रंगको सल पनि क्यारी गरेकी थिइन् । यसको साथमा अभिनेत्रीले रूबीको स्टेटमेन्ट औंठी पनि लगाएकी थिइन् । भने घाँटीमा रुबीको ठुलो नेकलेस लगाएकी थिइन् ।

# नेपाल हक्की संघलाई खेल सामाग्री सहयोग

**काठमाडौं (प्रस)–** भारतीय हक्की संघले नेपाल हक्की संघलाई सहयोग स्वरूप खेल सामाग्री बिहीबार हस्तान्तरण गरेको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) की कार्यकारी समितिकी सदस्यसमेत रहेकी नेपाल हक्की संघकी महासचिव सुवर्ण श्रेष्ठले समान ५/५ सय थान हक्की स्टिक र बल तथा प्रशिक्षण सामाग्री सहयोगस्वरूप प्राप्त भएको जनाएकी छन् ।

एसियाली हक्की महासंघका उपाध्यक्ष एवं भारतीय हक्की संघका महासचिव भोलानाथ सिंह, भारतीय हक्की संघका कोषाध्यक्ष सेकर मनोहरण र भारतीय हक्की संघका प्रबन्ध निर्देशक रविकान्त श्रीवास्तवसहित बिहीबार नेपाल आएको टोलीले सामाग्री हस्तान्तरण गर्‍यो ।

भेटका अवसरमा नेपालमा हक्कीको अवस्था, नेपालमा हक्कीको विकासका लागि मित्रराष्ट्र भारतको सहयोग, प्रशिक्षणलगायतका विषयमा छलफल भएको थियो । सञ्चार मन्त्री गुरुङले आगामी दिनमा पनि नेपालमा हक्कीको विकासका लागि भारतीय हक्की संघको सहयोगले निरन्तरता पाउने विश्वास व्यक्त गर्दै सहयोगका लागि धन्यवाद दिए । भारतीय पदाधिकारीले नेपाली खेलाडीको प्रशिक्षणका साथै भारतीय हक्की संघले नेपालको हक्कीलाई उकास्न सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

# बेलायत भ्रमणमा नेपालको लगातार तेस्रो जित




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय क्रिकेट टोलीले अभ्यास खेलमा ग्लोसेस्टरशायरविरुद्ध सानदार जित हात पारेको छ ।

बिहीबार सम्पन्न खेलमा नेपाल ७३ रनले विजयी भएको हो । बेलायत भ्रमणमा नेपालको यो लगातार तेस्रो जित हो । यसअघि नेपालले न्युपोर्ट क्रिकेट क्लब र मेरिलेबोन क्रिकेट क्लबलाई पराजित गरेको थियो ।

नेपालले दिएको १९५ रनको लक्ष्य पछ्याएको ग्लोसेस्टरशायर १७.३ ओभरमा १२१ रनमा समेटियो ।

ग्लोसेस्टरशायरका जेम्स मात्राभर्सले सर्वाधिक ३७ रन बनाए । अन्य ब्याटरले भने बलियो इनिङ्स खेल्न सकेनन् । नेपालका नन्दन यादव, सन्दीप लामिछाने र बसीर अहमदले समान दुई विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा ६ विकेट गुमाएर १९४ रन बनाएको थियो ।

नेपालका कुशल भुर्तेलले सर्वाधिक ४६ रन बनाए । कप्तान रोहितकुमार पौडेल ३५, दीपेन्द्रसिंह ऐरी ३२, अनिलकुमार साह २९ रन र आरिफ शेखले अविजित २२ रन बनाए । ग्लोसेस्टरशायरका डेभिड पेन र अमन राओले समान दुई विकेट लिए ।


**Dilasaini Rural Municipality**

**Office of Rural Municipal Executive**

**Dilasaini, Baitadi**

**Sudurpakshim Province, Nepal**

## Invitation For Sealed Quotation

**Date Of Publication: 2082/02/09 (5/23/2025)**

1. Dilasaini Rural Municipality, Office of the Rural Municipal Executive, Baitadi invites e-bid for eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Estimated Amount Exclusive of VAT and contingencies. (NRs.) | Bid Bond Amount (NRs.) | Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | DRM/SQ/ 01-081-082 | Construction of Deujhadi Mandir Bibaha Griha | 45 days | 1485171.66 | 45000.00 | **1000.00** |
| **Further Information to bidders;** | | | | | | |
| **Last date and time of Bid Submission** | 08-06-2025 12:00 hours | | | | | |
| **Date, Time and Place of Bid Opening** | 08-06-2025 13:00 hours at Dilasaini Rural Municipality Office,Baitadi | | | | | |
| **Account No. for Bid Document Purchase** | Kumari Bank Limited, Dilasaini , ANTARIK RAJASHWA KHATA<br>Dilasaini Rural Municipality- 0880034242400008 | | | | | |
| **Account No. for Bid Security Deposit** | The Bidder shall furnish a bid security as mentioned above, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Can deposit the cash in the following Bank.<br>Name of the Bank: Kumari Bank Limited ,Dilasaini, Baitadi<br>Name of Office: Dilasaini Rural Municipality<br>Office Account No. : 0880034242400005 (Dharauti Khata) | | | | | |

2. Bidders shall submit their bids electronically only .
3. If the last Date of Submission and Opening falls on a Government holiday then the next working day shall be considered as the last day.
4. For more information, please contact Dilasaini Rural Municipality, Baitadi.

**Chief Administrative Officer**

**Kachankawal Rural Municipality**

**Office of The Rural Municipal Executive**

**Baniyani, Jhapa**

**Koshi Province, Nepal**

## Invitation for e-Bids

**Date of Publication: 9 Jestha 2082 (23 May 2025)**

Kachankawal Rural Municipality invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures. Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp.

| S.N. | Contract ID. | Name of Project | Estimated Amount (Without VAT & Contingencies) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bidding Procedure | Last date of Bid Submission | Bid Opening |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NCB/WORKS/ KACHANKAWAL/ 2081-82/09 | Construction of Asphalt Concrete Road, Dharmachowk-Dangibari Road (Including Box Culvert), KRM-03 | 1,65,09,459.95 | 3000.00 | 4,75,000.00 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2082/03/08 (22 June 2025) 12:00 PM | 2082/03/08 (22 June 2025) 01:00 PM |
| 2 | NCB/WORKS/ KACHANKAWAL/ 2081-82/10 | Construction of Asphalt Concrete Road, Dharapani-Kechana Stambha (Kachankawal Ring Road ), Road, KRM-04 | 1,74,11,685.64 | 3000.00 | 5,00,000.00 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2082/03/08 (22 June 2025) 12:00 PM | 2082/03/08 (22 June 2025) 01:00 PM |
| 3 | NCB/WORKS/ KACHANKAWAL/ 2081-82/11 | Construction of Asphalt Concrete Road, Khadak Bhattarai Ko Ghar-Bhim Rai Ko Ghar-Katuwal Chowk-State Boring Road, KRM-02 | 76,26,847.36 | 3000.00 | 2,30,000.00 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2082/03/08 (22 June 2025) 12:00 PM | 2082/03/08 (22 June 2025) 01:00 PM |
| 4 | NCB/WORKS/ KACHANKAWAL/ 2081-82/12 | Laying of Interlock Concrete Block, NS Certified (Pavers) in i.Roshan Chiya Pasal Pashim-Ganesh Tole-Jhantu Tole, KRM-01 ii.Huduldula-Jhantu Tole Road, KRM-01 | 1,74,11,017.77 | 3000.00 | 5,00,000.00 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2082/03/08 (22 June 2025) 12:00 PM | 2082/03/08 (22 June 2025) 01:00 PM |

**Chief Administrative Officer**

# उत्तर कोरियाको युद्धपोत प्रक्षेपणमा 'गम्भीर' दुर्घटना

**सियोल–** उत्तर कोरियाको नयाँ नौसैनिक विध्वंसकको प्रक्षेपण समारोहमा ठूलो दुर्घटना भएको सरकारी मिडियाले बिहीबार रिपोर्ट गरेको छ । उत्तर कोरियाली नेता किम जोङ उनले उक्त दुर्घटनालाई 'आपराधिक कार्य' भनेका छन् ।

बुधबार पूर्वी बन्दरगाह सहर चोङजिनमा पाँच हजार टनको नयाँ जहाज प्रक्षेपण गर्ने समारोहमा 'एउटा गम्भीर दुर्घटना भएको' आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) ले जनाएको छ । दक्षिण कोरियाको सेनाले उत्तर कोरियाले बिहीबार 'धेरैवटा अज्ञात क्रुज मिसाइलहरू' पनि प्रहार गरेको बताएको छ, जुन उत्तरको दक्षिण हाम्ग्योङ प्रान्त नजिकै जापान सागर पनि भनिने 'पूर्वी सागरतिर प्रहार' गरिएपछि पत्ता लागेको थियो ।

किमले अवलोकन गरेको विध्वंसकको असफल प्रक्षेपणका लागि 'अनुभवहीन कमाण्ड र परिचालन लापरवाही' लाई दोष दिँदै केसिएनएले त्यहाँ एउटा दुर्घटना भएको र 'युद्धपोतको तल्लो भागका केही भागहरू कुचिएको' बताएको छ । दुर्घटनाले 'युद्धपोतको सन्तुलन नष्ट' गर्न सफल भएको केसिएनएले बतायो ।

किमले पूरै घटना हेरे र यो 'सहन सकिँदैन' भन्ने चेतावनी दिँदै यसलाई 'पूर्ण लापरवाहीका कारण भएको आपराधिक कार्य' घोषणा गरे । उनले जिम्मेवार अधिकारीहरूको 'गैरजिम्मेवार गल्तीहरू' अर्को महिना बोलाइने पार्टी केन्द्रीय समितिको पूर्णबैठकमा सम्बोधन गरिने बताए ।

दक्षिण कोरियाको सेनाले अमेरिका र सियोलका गुप्तचर अधिकारीहरूले उत्तर कोरियाको जहाजको 'साइड-लञ्च प्रयास' असफल भएको अनुमान गरेको बताएका छन् । 'यस मामिलामा प्रयोग गरिएको साइड-लञ्च विधि अब दक्षिण कोरियाको सेनाले प्रयोग गर्दैन,' ज्वाइन्ट चिफ्स अफ स्टाफका प्रवक्ता ली सुङ-जुनले पत्रकारहरूलाई भने ।

लीका अनुसार हाल जहाज पानीमा ढलिरहेको छ । यसको आकार र मापनका आधारमा यो पाँच हजार टन विध्वंसक-वर्गको युद्धपोत चो हचोनसँग मिल्दोजुल्दो छ भन्ने विश्वास गरिन्छ । चो हचोन उत्तर कोरियाले गत महिना सार्वजनिक गरेको थियो । गत महिना प्योङयाङको सरकारी मिडियाले किम आफ्नी छोरी जु एइसँग चो हचोनको उद्घाटन समारोहमा सहभागी भएको तस्बिर सार्वजनिक गरेको थियो । जु एइलाई धेरै विज्ञले किमको सम्भावित उत्तराधिकारी मानेका थिए ।




उत्तर कोरियाले उक्त जहाज 'सबैभन्दा शक्तिशाली हतियार' ले सुसज्जित रहेको र यो 'अर्को वर्षको सुरुमा सञ्चालनमा आउने' दाबी गरेको छ । केही विश्लेषकले जहाज आणविक हतियार बोक्न सक्षम छोटो दूरीको सामरिक मिसाइलहरूले सुसज्जित हुनसक्ने बताएका छन् । यद्यपि उत्तर कोरियाले आफ्नो आणविक शस्त्रागारलाई सानो बनाउने क्षमता छ भनेर प्रमाणित गरेको छैन ।

## रुसी सम्बन्ध ?

दक्षिण कोरियाली सेनाले सम्भवतः प्योङयाङले मस्कोलाई युक्रेनसँग लड्न मद्दत गर्न हजारौं सेना तैनाथ गरेको बदलामा चो हचोन रूसी सहयोगमा विकसित भएको हुनसक्ने बताएको छ । उत्तर कोरिया अध्ययनका लागि विश्व संस्थान चलाउने शोधकर्तामा परिणत अहन चान-इलले बुधबारको दुर्घटनामा संलग्न युद्धपोत पनि रूसी सहयोगमा निर्माण गरिएको हुनसक्ने बताए ।

प्रक्षेपण समारोह सम्पन्न भएको उत्तर कोरियाली सहर चोङजिन रुसको भ्लाडिभोस्टोक बन्दरगाह नजिक रहेको उनले बताए । 'यो पनि सम्भव छ कि जहाजका लागि अनुमानित समयरेखा-जब असेम्बली पूरा हुने छ र जहाज प्रक्षेपणसहित-रूसी पक्षसँग साझा गरिएको थियो,' उनले भने, 'यस्तो देखिन्छ कि डक हतारमा निर्माण गरिएको थियो र जहाज निर्माण प्रक्रियामा धेरै समस्या उत्पन्न भएको हुनसक्छ । आजको घोषणासँगै प्योङयाङले आफ्ना मानिसहरूलाई मात्र नभएर रुसी पक्षलाई पनि संकेत गरिरहेको देखिन्छ ।'

## नौसेनाको सुदृढीकरण

उत्तर कोरियाले पहिलोपटक अप्रिलमा युक्रेन युद्धमा मस्कोलाई समर्थन गर्न रुसमा सेना तैनाथ गरेको पुष्टि गरेको थियो । मस्को र प्योङयाङले हालै दुई देशलाई जोड्ने पहिलो सडक पुल निर्माण सुरु गरेको घोषणा गरेका छन् । उत्तर कोरियाले गत वर्ष पनि संयुक्त राष्ट्रसंघको प्रतिबन्धको उल्लंघन गर्दै ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण गरेको थियो ।

मार्चमा किमले आणविक शक्तिसम्पन्न पनडुब्बी निर्माण गर्ने परियोजनाको निरीक्षण गरे र नौसेनालाई 'मौलिक रूपमा' बढावा दिन प्योङयाङको रक्षात्मक रणनीतिको एक प्रमुख हिस्सा थियो भनी दाबी गरे । किमले त्यस समयमा युद्धपोतको विकाससहित देशको सतह र पानीमुनि नौसेना बलको आधुनिकीकरणका लागि आह्वान गरे ।

प्योङयाङले पहिले 'रेडियोधर्मी सुनामी' फैलाउन सक्ने पानीमुनि आणविक आक्रमण ड्रोनहरू विकास गरिरहेको दाबी गरेको छ, तर विश्लेषकहरूले वास्तवमा त्यस्तो हतियार छ कि छैन भनेर प्रश्न गरेका छन् । सियोलको प्रमुख सुरक्षा सहयोगी वासिङ्टनले हालैका वर्षहरूमा संयुक्त सैन्य अभ्यासहरू बढाएको छ र उत्तरलाई रोक्नका लागि विमान वाहक र आणविक शक्ति सम्पन्न पनडुब्बी जस्ता रणनीतिक अमेरिकी सम्पत्तिहरूको उपस्थिति बढाएको छ । प्योङयाङले बारम्बार आफूलाई 'अपरिवर्तनीय' आणविक हतियार भएको राष्ट्र घोषणा गरेको छ र नियमितरूपमा अमेरिका-दक्षिण कोरियाको संयुक्त अभ्यासलाई आक्रमणको अभ्यासका रूपमा निन्दा गर्दछ । *रासस/एएफपी*

# दक्षिण अफ्रिकी राष्ट्रपतिमाथि ट्रम्पद्वारा 'नरसंहार' को आरोप

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार दक्षिण अफ्रिकी समकक्षी सिरिल रामाफोसालाई एउटा भिडियो प्ले गरेर आक्रमण गरेका छन् । भिडियो प्लेमा ट्रम्पले श्वेत मानिसहरूविरुद्ध नरसंहार भइरहेको प्रमाणित गरेको र यसले किसानहरूलाई संयुक्त राज्य अमेरिकामा भाग्न बाध्य बनाइरहेको दाबी गरे ।

यो असाधारण स्टन्टले दक्षिण अफ्रिकी श्वेत किसानहरूलाई उनीहरूको जग्गा छोड्न बाध्य पारिएको र मारिएको ट्रम्पको तर्कका लागि ओभल अफिसको सामान्यतया शान्त कूटनीतिक वातावरणलाई मञ्चमा परिणत गऱ्यो । पत्रकारहरूको उपस्थितिमा ट्रम्पले दक्षिण अफ्रिकाका अश्वेत राजनीतिज्ञहरूले श्वेत मानिसहरूको उत्पीडनका लागि आह्वान गरेको भन्दै कर्मचारीहरूलाई चार मिनेटको भिडियो ठूलो स्क्रिनमा राख्न लगाएका थिए ।

'तपाईंले उनीहरूलाई जमिन लिन अनुमति दिनुहुन्छ र त्यसपछि जब उनीहरूले जमिन लिन्छन् । उनीहरूले श्वेत किसानलाई मार्छन् र जब उनीहरूले सेतो किसानलाई मार्छन्, उनीहरूलाई केही हुँदैन,' ट्रम्पले भने । ट्रम्पले समाचार क्लिपिङहरू पनि देखाए जुन उनले आफ्नो दाबीलाई समर्थन गरेको बताए । यद्यपि एउटामा वास्तवमा प्रजातान्त्रिक गणतन्त्र कंगोको तस्बिर थियो । 'मृत्यु, मृत्यु, मृत्यु । भयानक मृत्यु,' ट्रम्पले भने । ट्रम्पको प्रशासनले यस महिनाको सुरुमा ५० भन्दा बढी श्वेत अफ्रिकीलाई शरणार्थी दर्जा प्रदान गरेको छ भने विश्वका अन्य भागहरूबाट शरणार्थीहरू लिन प्रभावकारीरूपमा बन्द गरेको छ । तर दक्षिण अफ्रिकी राष्ट्रपतिले ट्रम्पको दाबीलाई अस्वीकार गरे । फेब्रुअरीमा युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीसँग ट्रम्पले गरेको विवादलाई बेवास्ता गर्दै सुरुमा यो कदमबाट स्तब्ध देखापरेपछि उनी शान्त रहे ।

## अप्ठ्यारो कुराकानी

रंगभेद शासनको ऐतिहासिक असमानता निवारण गर्ने उद्देश्यले जनवरीमा हस्ताक्षर गरिएको जग्गा कब्जा कानुनअन्तर्गत आफ्नो देशले श्वेत किसानहरूबाट जग्गा जफत गरेको कुरा रामाफोसाले अस्वीकार गरे । 'होइन, होइन, होइन,' रामाफोसाले जवाफ दिए, 'कसैले पनि जमिन लिन सक्दैन ।'

उनले दक्षिण अफ्रिकाको कुख्यात उच्च अपराध दरका अधिकांश पीडितहरू अश्वेत हुन् भनी जोड दिए र भिडियोमा रहेका राजनीतिज्ञहरू विपक्षी दलका थिए भने । दक्षिण अफ्रिकी नेताको भ्रमणलाई ट्रम्प र दक्षिण अफ्रिकामा जन्मेका उनका अर्बपति सहयोगी सहयोगी एलन मस्कले गरेको निराधार नरसंहार दावीपछि सम्बन्ध सुधार गर्ने अवसरका रूपमा प्रस्तुत गरिएको थियो ।

ओभल अफिसमासमेत रहेका मस्क 'श्वेत नरसंहार' दाबीहरूका मुख्य चालक भएका छन् । रामाफोसा गल्फप्रिय अमेरिकी राष्ट्रपतिलाई मनाउने प्रयासमा दक्षिण अफ्रिकाका दुई शीर्ष गल्फर अर्नी एल्स र रेटिफ गुसेनसँग ह्वाइट हाउस पुगेका थिए । 'हामी मूलतः संयुक्त राज्य अमेरिका र दक्षिण अफ्रिकाबीचको सम्बन्धलाई पुनःस्थापित गर्न यहाँ आएका छौं,' रामाफोसाले भने ।

तर रामाफोसाले भिडियो चलिरहँदा बारम्बार बोल्न खोजिरहँदा ट्रम्पले उनलाई बोल्न दिएनन् । 'यो कहाँ छ ?,' दक्षिण अफ्रिकी राष्ट्रपतिले आफ्नो सिटमा अनौठो ढंगले फेरबदल गर्दा भने । भिडियोमा उग्र वामपन्थी विपक्षी सांसद जुलियस मालेमालाई 'बोअरलाई मार, किसानलाई मार' गाएको देखाइएको थियो । यो रंगभेदी युगको श्वेत-अल्पसंख्यक शासनविरुद्धको लडाइँको समयको कुख्यात नारा हो ।

भिडियो दक्षिण अफ्रिकामा भएको एक प्रदर्शनका तस्बिरहरूसँग समाप्त भयो जहाँ मारिएका किसानहरूको प्रतिनिधित्व गर्न ग्रामीण सडकको छेउमा सेता क्रसहरू राखिएका थिए, तर ट्रम्पले गलतरूपमा उनीहरूका चिहानहरू देखाएको भने । *रासस/एएफपी*

---

**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मान्म, कालिकोट**

**कर्णाली प्रदेश, नेपाल प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना**

**(प्रथम प्रकाशित मितिः २०८१/०२/०८)**

कर्णाली प्रदेश, कालिकोट जिल्ला खाँडाचक्र नगरपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | खाँडाचक्र नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय, मन्मा, कालिकोट, कर्णाली प्रदेश |
| **प्रस्तावको व्यहोरा** | तिलाकर्णाली नदीको बगर क्षेत्रबाट दिगो तथा वातावरणमैत्रीरुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदिजन्य पदार्थ) उत्खनन तथा संकलन गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन |
| **प्रभाव पर्न सक्ने जिल्ला/गा.पा./वडा** | कालिकोट जिल्ला खाँडाचक्र नगरपालिका वडा २ |
| **परामर्शदाताको नाम र ठेगाना** | Effective Engineering Solution, Pvt.Ltd., Lalitpur |

माथि उल्लिखित प्रस्ताव कार्यन्वयनबाट आयोजना क्षेत्रको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक तथा साँस्कृतिक प्रणाली र आर्थिक प्रणालिहरुमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न प्रस्तावकले प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन प्रतिवेदन तयारीको प्रस्तावित कार्यबाट प्रभावित हुने स्थानीय तहका प्रतिनिधिहरु समेतलाई सहभागी गराई सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले यस प्रस्तावसंग सरोकार राख्ने सरोकारवालाहरूलाई निम्नस्थान, मिति समयमा उपस्थित हुन अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| **सार्वजनिक सुनुवाई हुने मिति २०८२/०२/१४** | स्थान | वडा नं २ को कार्यालय |
| | समयः | विहान १० बजे |

**जसी प्रसाद चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

---

**Bangad Kupinde Municipality**
**Office of Municipal Executive**
**Devasthal, Salyan**
**Karnali Province Nepal**

**Invitation for Bids**

**Date of publication: :23rd May 2025 (2082-02-09)**

1. ***Bangad Kupinde Municipality*** invites electronic bids from Nepalese eligible bidders for the Procurement of the Following Projects.

| S N | Contract Identification no | Description of Works | Cost of Bidding Documents Nrs | Estimated cost (Excluding VAT and PS) | Amount Of Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | BAKUNAPA/NCB/ WORKS-24-2081/82 | *Sahid Pratisthan Building Construction* | 3000 | 4230478.35 | 125000 | Electronic bids only |
| 2 | BAKUNAPA/NCB/ WORKS-25-2081/82 | *Construction of Ward Office Building Ward Number 09* | 3000 | 8785936.23 | 250000 | Electronic bids only |

2. Eligible Bidders may obtain further information at the office of Bangad Kupinde Municipality Devsthal,Salyan **088-411060** may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Eligible Bidders download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders submitting their bid electronically should deposit nonrefundable fee of bidding document in the Projects Rajaswo (Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher , Company/firm registration certificate,tax clearance Certificate Fy (2080/081) and VAT/PAN Registration shall be uploaded by the bidder at the time of electronic submission of the bids.
**Information to deposit the cost of bidding document in bank.**

| | |
|---|---|
| **Name of the Bank** | **Laxmi Sunrise Bank Limited,Sallibazar Branch** |
| **Name of Office** | **Bangad Kupinde Municipality** |
| **Office Account no (Rajaswa)** | **06903000017** |
| **Office Account no (Dharauti)** | **06903000169** |

4. electronic bids must be submitted to Bangad Kupinde Municipality Devasthal, salyan office through PPMO website **www.bolpatra.gov.np/egp** on before **2082/03/08** at 12:00 Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders representatives who choose to attend at **2082/03/08** at **13:00** the office of Bangad Kupinde Municipality Office Devsthal, Salyan. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in (.pdf) format, which shall be valid for 30 days beyond the validity period of the bid 2082/07/10
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Municipality reserves the right to accept or reject wholly or partially, any or all the bids without assigning.
8. Other rules should be as per public procurement Act 2063, Public procurement Regulation 2064.

**Chief Administrative Officer**

---

**प्रदेश सरकार**
**भौतिक पुर्वाधार विकास मन्त्रालय**
**विराटनगर, कोशी प्रदेश**

**सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०२/०९)**

यस मन्त्रालयलाई आवश्यक तपशिल अनुसारको चार पाङ्ग्रे सवारी साधन खरिद सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(क) तथा सार्वजनिक खरिद नियामवली, २०६४ को नियम ३१ख बमोजिम उत्पादक वा अधिकृत विक्रेताद्बारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख बमोजिम इच्छुक उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरूले देहाय अनुसारको कागजातहरु साथै सवारी साधनको आधिकारीक स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी ७ (सात) दिनभित्र यस कार्यालयको कार्यालय समय भित्र निवेदन गर्नु हुन उत्पादक वा आधिकारिक बिक्रेताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**

१) फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
२) एजेन्सी/व्यवसाय दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
३) भ्याट दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४) Letter of Authorization
५) पछिल्लो आ.व. को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
६) स्वघोषणा-पत्र ।

**तपशिलः**

| क्र.स. | सवारी साधन | संख्या | संक्षिप्त विवरण र शर्तहरू |
|---|---|---|---|
| १ | 4WD Pick-up (Double Cab) | १ (एक) | 4WD Double Cab Pick-up, Four door right hand drive model, water cooled diesel engine, engine power not less than 2100cc developing maximum rated power output not less than 140 HP at governed RPM with torque min. 320 NP @ Governed RPM Essential accessories: ABS, Air bag, Alloy Wheels, Touch screen information System minimum one year warranty after acceptance. |

नोटः सवारी साधनको प्राविधिक स्पेशिफिकेशनको लागि यस मन्त्रालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – १९१५०० | प्रति तोला – ० | प्रति तोला – २०२५



**गोलभेंडा खेती** | दाङको घोराही तेरौटेमा सञ्चालित कृषि फर्ममा बिक्रीका लागि गोलभेंडा संकलन गर्दै श्रमिकहरू । स्थानीय किसानका अनुसार दाङमा गोलभेंडा प्रतिकिलो २२ रूपैयाँको दरले थोकमा बिक्री हुँदै आएको छ । *तस्बिर : कुलदीप न्यौपाने/रासस*

# ‘साधारण खर्च घटाई विकास खर्च बढाउनुपर्छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** निजी क्षेत्रले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत नीतिगत स्थिरता र लगानीको ढोका खोल्नुपर्नेमा जोड दिएको छ । प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिको बिहीबारको बैठकमा ‘आगामी आर्थिक वर्षको बजेटमा समेट्नुपर्ने विषय’सम्बन्धी छलफलमा निजी क्षेत्रका प्रतिनिधिहरूले आगामी दशक (२०८२-२०९२) लाई लगानी दशक घोषणा गरी निजी क्षेत्रलाई प्रोत्साहित गर्नुपर्नेमा जोड दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले आगामी वर्षको बजेटले सामाजिक न्यायसहितको खुला अर्थतन्त्रको विस्तार र नयाँ चरणको आर्थिक सुधारका लागि सकारात्मक परिवर्तन ल्याउने विषयलाई समेट्नुपर्ने बताए । ‘साधारण खर्च घटाइ विकास खर्च बढाउने र सर्वसाधारणको क्रयशक्ति तथा उद्यमीको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यक्रम आगामी बजेटमा आउनुपर्छ’, उनले भने, ‘नीतिगत स्थिरतासहितको लगानी मैत्री वातावरण अहिलेको आवश्यकता हो ।’

आयात प्रतिस्थापन गर्ने उद्योगलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिँदै श्रेष्ठले एक सय भन्दा बढी रोजगारी प्रदान गर्ने उत्पादनमुलक, पर्यटन तथा सेवा उद्योगलाई रोजगार च्याम्पियन सम्मानसहित आयकरमा ४० प्रतिशत छुट दिनुपर्ने बताए ।

नेपाल उद्योग परिसङ्घका राष्ट्रिय परिषद् सदस्य लक्ष्मीप्रसाद सुवेदीले लगानीका नयाँ क्षेत्रको पहिचान गर्दै निजी क्षेत्रलाई त्यसतर्फ प्रोत्साहित गर्नुपर्नेमा जोड दिए । ‘लगानी आकर्षण गर्न उत्पादनमुलक उद्योगको नाफामा लाग्ने आयकरको दर क्रमशः कम गर्दै १० प्रतिशतमा सीमित गर्नुपर्छ’, उनले भने, ‘पूँजीगत खर्चको बढोत्तरीका साथै निजी क्षेत्रबाट हुने लगानीका लागि उचित वातावरण बनाएर प्रोत्साहन गर्नुपर्छ ।’

नेपाल चेम्बर अफ कमर्शका कार्यवाहक अध्यक्ष दीपक मलहोत्राले आगामी आवको बजेटमार्फत नीतिगत स्थिरता सुनिश्चित गरिनुपर्नेमा जोड दिए । उनले विद्युतीय उपकरणको प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिनुपर्ने बताउँदै विद्युतीय सवारी साधनमा कर वृद्धि नभई थप सहुलियत दिनुपर्ने धारणा राखे ।



**सन्तुलित बजेटमा सांसदको जोड**

बैठकमा सांसद पूर्णबहादुर तामाङले मुलुकको विकासको अवस्था हेरेर समावेशी र सन्तुलित बजेट विनियोजन गर्नुपर्नेमा जोड दिँदै आवश्यकता र औचित्यका आधारमा आयोजना छनोट गरिनुपर्ने बताए । सांसद नारायणी शर्माले राज्यको नेतृत्वदायी भूमिका अर्थतन्त्रको विकासमा निजी क्षेत्र सँगसँगै अघि बढ्नुपर्नेमा जोड दिए ।

सांसद सूर्यबहादुर थापा क्षेत्रीले लहडमा नभई राष्ट्रिय आय र औसत उमेरलाई आधार मानेर सामाजिक सुरक्षा भत्ता निर्धारण गरिनुपर्नेमा जोड दिए । ‘राज्यले नागरिकलाई दिन थालेको सहायता हटाउने होइन, औसत उमेर र राष्ट्रिय आयलाई हेरेर भत्ता निर्धारण गर्नुपर्छ’, उनले भने, ‘दोहोरो भत्ताको सुविधा हटाउनुपर्छ ।’

# भरतपुरमा ठूला जहाज उडान गर्ने प्रयास

**चितवन (प्रस)–** भरतपुर विमानस्थलमा ठूला जहाजको उडानलाई निरन्तरता दिने प्रयास भइरहेको छ । विभिन्न एयरलाइन्सले बेलोबलामा ठूला जहाज उडान गरेपनि नियमित गरेका छैनन् । केही महिनाअघि तामझामका साथ श्री एयरलाइन्सले परीक्षण गरेर ८० सिटे जहाज उडान सुरु गरेको थियो । तर, अहिले बन्द भएको छ ।

सन् २००५ बाट नियमित उडान गर्दै आएको बुद्ध एयरले ठूलो जहाज उडानको प्रयास सुरु गरेको हो । हाल ४७ सिटको एटिआर-४२ बाट उडान भर्दै आएको बुद्ध एयरले आज ७२ सिट क्षमताको एटिआर-७२ बाट परीक्षण उडान गरेको छ ।

भरतपुर विमानस्थलको धावनमार्गको लम्बाइ एक हजार २०० मिटर छ । एटिआर ७२ जहाजलाई सहज उडान र अवतरणका लागि कम्तीमा एक हजार ५०० मिटर धावनमार्ग आवश्यक पर्छ । एटिआर-७२ जहाजको अवतरणपछि क्याप्टेन प्रमोद थापाले सहज रूपमा उडान र अवतरण गर्न सकिएको बताए । जहाजमा सँगै रहेका नागरिक उड्डयन प्राधिकरणका प्राविधिकको निर्देशनअनुसार आफूहरूले जहाज उडान र अवतरण गरेको प्रतिक्रिया उनले दिए । सोही अवसरमा नेपाल नागरिक उड्डयन प्राधिकरणको उपमहानिर्देशक देवचन्द्रलाल कर्णले परीक्षण उडानको सम्पूर्ण विवरण अध्ययन गरी निर्णयमा पुगिने बताए । सम्भावना रहेमा दुई महिना भित्रमा नियमित उडान गर्न सकिने उनको भनाइ छ । बुद्धएयर भरतपुरका स्टेशन म्यानेजर भक्त बस्नेतका अनुसार हाल दैनिक सात उडान काठमाडौं-भरतपुर र एउटा भरतपुर-पोखरा एटिआर-४२ बाट उडान हुँदै आएको छ ।

धावनमार्गसँगै रहेको नेपाली सेनाको घोडा प्रजनन् केन्द्र स्थानान्तरण गरेर विमानस्थल विस्तार गर्ने योजना धेरै अघिदेखि गरिएपनि सार्थकता पाउन सकेको छैन ।

## कर्पोरेट

### नागरिक लगानी कोष र भूमि व्यवस्थापन विभागबीच सम्झौता



**काठमाडौं (प्रस)–** नागरिक लगानी कोष र भूमि व्यवस्थापन तथा अभिलेख विभागबीच अनलाइन प्रणालीमार्फत धितो रोक्का/फुकुवा गर्ने सम्बन्धमा सम्झौता भएको छ । उक्त सम्झौतामा कोषको तर्फबाट कार्यकारी निर्देशक पर्वत कुमार कार्की र विभागको तर्फबाट महानिर्देशक शिवप्रसाद रेग्मीले हस्ताक्षर गरेका हुन् ।

सम्झौतापछि काठमाडौं उपत्यकामा कोषले प्रदान गर्ने आवास तथा सरल कर्जाको धितो रोक्का, फुकुवा अनलाइनबाट सम्पन्न हुने छ । यसले आवास/सरल कर्जासम्बन्धी कार्य छिटो छरितो रूपमा सम्पन्न भई सेवाग्राहीले प्रभावकारी सेवा प्राप्त गर्ने विश्वास कोषले लिएको छ ।

### युनाइटेड सिमेन्ट्सद्वारा विभिन्न तालिम सम्पन्न



**काठमाडौं (प्रस)–** धुनिवेशी न.पा. वडा नं ९जुगेडी मा रहेको के एल दुगड समूह अन्तर्गतको युनाइटेड सिमेन्ट्स लिमिटेडले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत धुनिवेशी नगरपालिका वडा नं. ९ को सहकार्यमा ४२ जना स्थानिय महिलाहरूका लागि निशुल्क तीन महिने आधाभूत र दुई महिने एडभान्स् सिलाई-कटाई प्रशिक्षण कार्यक्रम समापन गरेको छ । यस कार्यक्रमको उद्देश्य महिलाहरूलाई आत्मनिर्भर बनाउँदै उनीहरूको आर्थिक सशक्तिकरणमा योगदान पुऱ्याउनु रहेको जनाइएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै युनाइटेड सिमेन्ट्स लिमिटेडका महाप्रबन्धक हरि कुमार उप्रेतीले कम्पनीले जहिलेपनि व्यवसायिक लक्ष्यसँगै सामाजिक उत्तरदायित्वलाई उच्च प्राथमिकतामा राख्ने भएकोले, यस्तो तालिमले महिलाहरूमा आत्मविश्वास अभिवृद्धि गर्दै आयआर्जनका नयाँ अवसर सिर्जना गर्न मद्दत पुऱ्याउने बताए ।

उक्त अवसरमा धुनिवेशी नगरपालिका वडा नं. ९ का वडाअध्यक्ष एवं तालिम समापन कार्यक्रमका सभापति माधव प्रसाद सिलवालले युनाइटेड सिमेन्ट्स लिमिटेडलाई धन्यवाद व्यक्त गर्दै महिलाहरूलाई लक्षित गर्दै सञ्चालन गरिएको यो तीन महिने आधाभूत र दुई महिने एडभान्स् तालिम कार्यक्रमले उनीहरूको जीवनस्तर सुधार्न र आर्थिक रूपमा सशक्त बनाउन महत्वपूर्ण भूमिका खेल्ने कुरा बताए ।

### सिटिजन्स बैंकद्वारा शवदाह गृह निर्माणका लागि सहयोग



**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायीत्व कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेश बाँके जिल्लाको कोहलपुर नगरपालिका वडा नं. ११ लाई शव दाह गृह निर्माणका लागि आवश्यक सहयोग प्रदान गरेको छ ।

कोहलपुर नगरपालिका वडा नं. ११ स्थित दुदुवा र रोहिणी नदीको संगममा निर्माणाधीन यस शव दाह गृहले स्थानीय बासिन्दालाई परम्परागत दाह संस्कारको तुलनामा सुलभ र वातावरणमैत्री विकल्प प्रदान गर्ने लक्ष्य राखेको छ ।

संस्थामा आयोजित एक समारोहका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सहयोग हस्तान्तरण गरेका छन् । समारोहलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पोखरेलले सामाजिक कार्यको लागी सहयोग गर्न पाउँदा आफुलाई धेरै खुशी महशुस भएको कुरा व्यक्त गरे ।

संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्दै आएको बैंकले आगामी दिनमा पनि यस्ता कार्यक्रम गर्ने योजना रहेको जनाएको छ ।

# मेची भन्सारद्वारा तेह्र अर्ब राजस्व संकलन

**भद्रपुर (झापा) (प्रस)–** मेची भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनामा रु १२ अर्ब ९४ करोड २० लाख ६० हजार राजस्व संकलन गरेको छ । जुन सोही अवधिका लागि निर्धारित लक्ष्यको ९१ दशमलव ५१ प्रतिशत हो ।

कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार चालु आवको वैशाख महिनासम्म रु १४ अर्ब १४ करोड ४२ लाख २० हजार राजस्व संकलनको लक्ष्य रहेको थियो । ‘गत आव २०८०/८१ को सोही अवधिमा राजस्व रु १५ अर्ब आठ करोड ६४ लाख २० हजार राजस्व संकलनको लक्ष्य राखिएकामा ७६ दशमलव ८५ प्रतिशत मात्रै राजस्व संकलन भएको थियो तर यसपटक भने लक्ष्यको ९१ दशमलव ५१ प्रतिशत हासिल गरेका छौं’, उनले भने ।

कार्यालयको तथ्यांकअनुसार चालु आवको १० महिनाको अवधिमा मेची भन्सारबाट पेट्रोलियम पदार्थको आयातबाट ६० दशमलव ५५ प्रतिशत अर्थात् रु सात अर्ब ८३ करोड ६२ लाख ४३ हजार राजस्व संकलन भएको छ । यसैगरी, तरकारीको आयातबाट रु ५८ करोड ३३ लाख १५ हजार, यातायातका साधन र तिनका पाटपुर्जाबाट रु ३६ करोड ५३ लाख १५ हजार, खनिज उत्पादनबाट रु २४ करोड १० लाख ३० हजार, कफीबाट रु १९ करोड ३६ लाख ९० हजार राजस्व संकलन भएको सूचना अधिकारी हुमागाईंले जानकारी दिए ।

स्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनी नदुख्ने गिर्खा वा गाँठागुठी देखिनु,
- स्तनको छाला लामो समयसम्म निको नहुने खटिरा आउनु,
- स्तनको आकारमा परिवर्तन आउनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु आदि ।

यी मध्ये कुनै पनि लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ